# प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको सिकाइ तथा विकासस्तर परीक्षण २०७५

# A brief report on Assessment of Early Childhood Education and Development 2018

## सङ्क्षिप्त प्रतिवेदन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर, नेपाल
वेभ साइट : www.ero.gov.np, इमेल : eronasa@gmail.com
फोन : ०१६६३६५१८, ०१६६३२११६

**प्रकाशक : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर, नेपाल**

**(Education Review Office, Sanothimi, Bhaktpur, Nepal.)**

यो सङ्क्षिप्त प्रतिवेदन परामर्शदाता संस्था डेभलपमेन्ट भिजन कन्सल्टेन्ट प्रा लि बाट तयार गरिएको हो ।

संयोजन: श्री अनुपमचन्द्र श्रेष्ठ
श्री हरि प्रसाद अर्याल
श्री प्रकाश कुमार खरेल

सम्पादन : श्री टेकनारायण पाण्डे
श्री उत्तरकुमार पराजुली

तथ्याङ्क विश्लेषण सहयोग: श्री श्याम प्रसाद आचार्य
श्री लवदेव भट्ट

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०७६ (सन् २०१९)

मुद्रक : **धर्म प्रिन्टिङ्ग प्रेस**
**काठमाडौं, नेपाल**
**०१–४१०२९९६**

# प्राक्कथन

नेपालमा पूर्व-प्राथमिक शिक्षाको रूपमा वि सं २००५ सालबाट नै अनौपचारिक रूपमा विभिन्न प्रयासहरू हुँदै आए पनि ३ देखि ५ बर्षका बालबालिकाको सिकाइ तथा विकास गरी प्राथमिक शिक्षाका लागि तयार गराउन औपचारिक रूपमा २०६२ तिरबाट मात्र प्रयास गरिएको पाइन्छ। सबैका लागि शिक्षासम्बन्धी डकार सम्मेलनबमोजिम नेपालको सबैका लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना र सबैका लागि शिक्षा कार्यक्रमको अभिन्न अङ्गको रूपमा रही प्रारम्भिक बालविकास कार्यक्रम लागू गरिंदै आइएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४–२०७९/०८०) ले समेत ५ वर्षमुनिका बालबालिकाहरूका शारीरिक, सामाजिक, संवेगात्मक, ज्ञानात्मक, तथा नैतिक क्षमताको विकास गर्न प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाई विद्यालय प्रवेशको तयारी गराउने भनी उद्देश्य निर्धारण गरेको छ। यस कार्यक्रमको बाह्य र स्तरीय मूल्याङ्कन तथा परीक्षण गर्न आवश्यक ठानी शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वि सं २०७२ मा परीक्षण गर्न सुरु गरेको हो।

बालविकास केन्द्रका बालबालिकाको सिकाइ तथा विकासस्तरको परीक्षणले बालबालिकामा हासिल भएका उपलब्धिको अवस्थाका बारेमा जानकारी गराउनुका साथै सिकाइ तथा विकासस्तरको सुधारका लागिसमेत महत्वपूर्ण सुझावहरू प्रदान गर्दछ। यस्ता परीक्षणले नीति निर्माताहरूलाई शिक्षा नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था, तिनको प्रभावकारिता र विद्यार्थी उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पहिचान गर्न सहयोग गर्दछ। यसैगरी विद्यार्थीको उपलब्धि सुधारसहित शिक्षाको समग्र गुणस्तर सुधारका लागि नीति तथा कार्यक्रम निर्माण र परिमार्जनका लागि विश्वसनीय सूचना उपलब्ध गराउँछ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले युनिसेफ नेपालको आर्थिक र प्राविधिक सहयोगमा आ.व. २०७२।०७३ मा बालविकास केन्द्रका बालबालिकाको परीक्षण सुरू गरेको थियो। यसपछि आ.व. २०७३।०७४ मा १५० बालविकास केन्द्रका १८३५ बालबालिकामा सिकाइ तथा विकासस्तर परीक्षण गरी सोको प्रतिववेदन सार्वजिनकसमेत गरिसकिएको छ।

यसको अनुभवव र प्रतिविम्वनसमेतका आधारमा युनिसेफ नेपाल लगायत अन्य सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाको सहभागिता रहेको कार्यशालाबाट परीक्षण साधनको परिमार्जनसहित अन्तिमीकरण गरी परीक्षण साधन विकास गरिएको थियो।। सोही आधारमा देशको सबै क्षेत्र र भूगोलको प्रतिनिधित्व हुने गरी ३०० बालविकास केन्द्रका ४५०० बालबालिकामा परीक्षण गर्ने योजना रहेकोमा २९९ बालविकास केन्द्रका ३६७५ बालबालिकामा परीक्षण गरिएको थियो। यो प्रतिवेदन सन् २०१८ मा २९९ बालविकास केन्द्रका ३६७५ बालबालिकामा गरिएको परीक्षणमा आधारित रहेको छ।

यस प्रतिवेदनमा विद्यार्थीको क्षमतालाई ३ समूहहरू struggling, progressing and on track मा विभाजन गरी प्रस्तुत गरिएको छ। यसपछि बालबालिकाको उपलब्धिलाई प्रदेशगत, जिल्लागत, विषयक्षेत्रगत, सहजकर्ताको योग्यता तालिम र अनुभव र लैङ्गिक रूपमा विश्लेषण गरी व्याख्या प्रस्तुत गरिएको छ।

यसपछि अर्को खण्डमा बालविकास केन्द्रको व्यवस्थापन तथा कार्यसम्पादन पक्षमा रहेको वास्तविक अवस्था प्रस्तुत

गरिनुका साथै केन्द्रको व्यवस्थापन पक्ष र कार्यसम्पादनस्तरलाई बालबालिकाको सिकाइ तथा विकासस्तरसँग सम्बन्धित गरी विश्लेषण र व्याख्यालाई प्रस्तुत गरिएको छ।

यो प्रतिवेदन सर्वसाधारणले बुझिने गरी मुख्य नतिजामात्र समावेश गरी सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ। परीक्षणको स्वरूप, विकास र सञ्चालन, तथ्याङ्क विश्लेषणलगायतका प्राविधिक पक्षहरू भने मुख्य प्राविधिक प्रतिवेदनमा समावेश गरिएको छ।

यो परीक्षण सञ्चालन र प्रतिवेदन तयारी गर्ने कार्यमा विभिन्न युनिसेफ नेपाललगायत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था र व्यक्तिहरूबाट सहयोग प्राप्त भएको छ। विभिन्न विषयका विषय शिक्षक तथा विज्ञहरू, विषय समिति तथा परीक्षण समितिका पदाधिकारीबाट प्राप्त रचनात्मक सुझाव र सहयोगका लागि धन्यवाद व्यक्त गर्दछु। त्यसैगरी परीक्षण सञ्चालन भएका विद्यालयका प्रधानाध्यापकहरू, प्रश्नावलीमा प्रतिक्रिया दिने शिक्षकहरू र परीक्षणमा सहभागी हुने बालबालिका धन्यवादका पात्र छन्। परीक्षण सञ्चालन गर्ने व्यक्ति, सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइ तथा अन्य कर्मचारी र प्रतिवेदन लेखन तथा तयारी गर्ने परामर्श दातृ संस्था – डेभलपमेन्ट भिजन कन्सल्टेन्ट काठमाडौँको सहयोगका लागि आभार व्यक्त गर्दछु।

आव २०७४।०७५ मा यो परीक्षण कार्यको योजना, संयोजन तथा सञ्चालनको जिम्मेवारी लिनुहुने शैक्षिक गुणस्तर परीक्षण केन्द्रका तत्कालीन सहसचिव डा. लेखनाथ पौडेल, प्राविधिक अधिकृत रामचन्द्र ढकाललगायत केन्द्रका सम्पूर्ण कर्मचारीहरूमा धन्यवाद व्यक्त गर्दछु।

यो प्रतिवेदन अन्तिमीकरण, विषयवस्तु सम्पादन, भाषा सम्पादन र शुद्धशुद्धि तथा लेआउटलगायतका कार्यमा सहयोग सल्लाह र सुझाव प्रदान गर्नुहुने यस केन्द्रका सम्पूर्ण कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (तत्कालीन शिक्षा विभाग), शिक्षा विकास समन्वय इकाइ (तत्कालीन जिल्ला शिक्षा कार्यलाय) बाट भएका सहयोग र समर्थनका लागि धन्यवाद दिन चाहन्छु।

यो प्रतिवेदन विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि आधारभूत जगको रूपमा रहेको प्रारम्भिक बालविकास केन्द्रसम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने व्यक्ति तथा विभिन्न निकाय, शिक्षक, विद्यालय, समुदायलगायत शिक्षा क्षेत्रका सबै सरोकारवालाहरूका लागि उपयोगी हुने विश्वास लिएको छु।

**टेकनारायण पाण्डे**
महानिर्देशक
शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर

# विषय सूची

**परिच्छेद १ : पृष्ठभूमि** ........ १
१ परिचय ........ १
१.१ नेपालमा प्रारम्भिक बालविकासको सन्दर्भ ........ ३
१.२ प्रारम्भिक बालविकास सिकाइ तथा विकासस्तर परीक्षण ........ ५
१.३ परीक्षणको आवश्यकता ........ ६
१.४ उद्देश्य ........ ७
१.५ अध्ययनको सीमाङ्कन / परिसीमाङ्कन ........ ७
१.६ प्रतिवेदनको ढाँचा ........ ७

**परिच्छेद २ : अध्ययन विधि** ........ ८
२. परिचय ........ ८
२.१ परीक्षण योजना ........ ८
२.२ परीक्षण साधन ........ १०
२.३ परीक्षणको तयारी ........ ११
२.४ जिल्ला र बालविकास केन्द्रको छनोट ........ ११
२.५ परीक्षण सञ्चालन ........ १२
२.६ तथ्याङ्कको विश्लेषण र व्याख्या ........ १२

**परिच्छेद ३ : औसत उपलब्धि, व्याख्या र विश्लेषण** ........ १४
३. उपलब्धि (Performance) ........ १४
३.१ बालविकास र सिकाइमा बालबालिकाको समूहगत उपलब्धि ........ १४
३.२ बालबालिकाको समग्र उपलब्धि ........ १६
३.२.१ लैङ्गिक पक्ष र उपलब्धि ........ १६
३.२.२ विषय क्षेत्रगत (Domainwise) उपलब्धि ........ १६
३.२.३ बालबालिकाको प्रदेशगत उपलब्धि ........ १७
३.२.४ बालबालिकाको जिल्लागत उपलब्धि ........ १८
३.३ शिक्षणको माध्यम भाषाका आधारमा उपलब्धि ........ १८
३.४ सहजकर्ताको योग्यता, तालिम, अनुभव र उपलब्धि ........ १९
३.४.१ सहजकर्ताको योग्यता र उपलब्धि ........ १९
३.४.२ सहजकर्ताको तालिम र बालबालिकाको उपलब्धि ........ २०
३.४.३ सहजकर्ताको अनुभव र बालबालिकाको उपलब्धि ........ २०
३.४.४ सहजकर्ताको सङ्ख्या र बालबालिकाको उपलब्धि ........ २१

**परिच्छेद ४ : भौतिक पक्ष र बालबालिकाको उपलब्धि** ........ २३
४. भौतिक पक्ष ........ २३
 ४.१ भवन ........ २३
 ४.२ कक्षाकोठाको आकार ........ २४
 ४.३ कक्षा कोठामा हुने सामग्री उपलब्धता र व्यवस्थापन ........ २५
 ४.४ पुस्तकालय र सिकाइ कुना (Library and Book Corner) ........ २७

**परिच्छेद ५ : अध्ययनको नतिजा र प्रयोजन** ........ ३०
५. नतिजाहरू ........ ३०
 ५.१ अध्ययनका मुख्य मुख्य नतिजा ........ ३०
 ५.२ प्रयोजन ........ ३२

**सन्दर्भ सामग्री** ........ ३४

# तालिका सूची

तालिका २.१ : प्रारम्भिक बालशिक्षा तथा विकास परीक्षणको ढाँचा ८
तालिका २.२ : बालविकास केन्द्रको व्यवस्थापन मापनका लागि परीक्षणको ढाँचा ९
तालिका २.३ : परीक्षण क्षेत्रका आधारमा परीक्षण सङ्ख्या र साधनहरू १०
तालिका २.४ : अध्ययनका लागि छनोट भएका बालविकास केन्द्र र बालबालिकाहरूको सङ्ख्यात्मक विवरण ११
तालिका ३.२ : प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको समग्र औसत उपलब्धि १६
तालिका ४.१ : बालविकास केन्द्र चलेका भवनको सङ्ख्या, प्रकार र गुणस्तर २३
तालिका ४.२ : बालबालिकाको उपलब्धि र भवनको गुणस्तरबीचको सम्बन्ध २४
तालिका ४.३ : निर्धारित स्तर र मापदण्डका आधारमा कक्षा कोठाको व्यवस्थापन २४
तालिका ४.४ : कोठाको निर्धारित मापदण्डका आधारमा बालबालिकाको सिकाइ उपलब्धि २५
तालिका ४.५ : बालविकास कक्षामा खेल्ने सामग्रीको उपलब्धता र व्यवस्थापन २६
तालिका ४.६ : बालविकास कक्षामा सिकाइ तथा खेल्ने सामग्रीको उपलब्धता २६
तालिका ४.७ : बालविकास केन्द्रमा पुस्तकालय र सिकाइ कुनाको अवस्था २७
तालिका ४.८ : पुस्तकालय तथा सिकाइ कुनाको अवस्था र बालबालिकाको सिकाइ उपलब्धि २८

# रेखाचित्र सूची


| | | | |
|---|---|---|---|
| चित्र ३.१ | : | बालबालिकाको समूहगत उपलब्धिको अवस्था | १५ |
| चित्र ३.२.१ | : | बालबालिकाको लैङ्गिक पक्षबाट सिकाइ उपलब्धिको अवस्था | १६ |
| चित्र ३.२.२ | : | बालबालिकाको विषयगत औसत उपलब्धिसम्बन्धी विवरण | १७ |
| चित्र ३.२.३ | : | बालबालिकाको प्रदेशगत रूपमा औसत उपलब्धिसम्बन्धी विवरण | १७ |
| चित्र ३.२.४ | : | बालबालिकाको जिल्लागत औसत उपलब्धिसम्बन्धी विवरण | १८ |
| चित्र ३.३ | : | शिक्षणको माध्यम भाषाको आधारमा बालबालिकाको औसत उपलब्धि विवरण | १९ |
| चित्र ३.४.१ | : | सहजकर्ताको योग्यता र बालबालिकाको औसत उपलब्धिको अवस्था | १९ |
| चित्र ३.४.२ | : | सहजकर्ताको तालिम र बालबालिकाको औसत उपलब्धिको अवस्था | २० |
| चित्र ३.४.३ | : | सहजकर्ताको अनुभव र बालबालिकाको औसत उपलब्धिको अवस्था | २१ |
| चित्र ३.४.४ | : | सहजकर्ताको सङ्ख्याका आधारमा बालबालिकाको औसत उपलब्धि | २१ |

# परिच्छेद १ : पृष्ठभूमि

## १ परिचय

गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकासको उमेर भन्ने गरिन्छ (प्रारम्भिक बालविकाससम्बन्धी सन्दर्भ सामग्री २०७५, पृष्ठ २३)। बालबालिकाको मष्तिष्क २ वर्षभित्र ७५ प्रतिशत विकसित भइसकेको हुन्छ भने ५ बर्षभित्र ९० प्रतिशत विकसित भएको हुन्छ (अभिभावक शिक्षा २०७३, पृष्ठ १५)। मानव विकासको २ देखि ५ वर्ष बाल उमेरको सुरुवाती वर्ष भएका कारण ज्यादै महत्त्वपूर्ण मानिएको छ। ३ र ४ बर्ष उमेर समूहका बालबालिकाहरूका लागि शिशु विकास केन्द्र र ४ बर्ष उमेर समूहका लागि पूर्व प्राथमिक कक्षासहितको बालविकास केन्द्र हुनेछ भनी प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६१ मा उल्लेख गरिएको छ । यो उमेरमा बालबालिकाहरूले सामग्रीको प्रयोग गरेर, खोज तथा अन्वेषण गरी ज्ञानेन्द्रीयहरूको उपयोगद्वारा सिक्ने गर्दछन्। यसका लागि उनीहरूलाई सुरक्षित र उत्प्रेरणामूलक वातावरणको आवश्यकता पर्दछ। यस अवस्थामा विकास हुने मष्तिष्क नै सिङ्गो जीवनको आधार बन्ने भएकाले यस समयमा बालबालिकाहरूलाई पोषणयुक्त खाना, स्वास्थ्य, सरसफाइ, अन्तरक्रियात्मक वातावरण तथा वात्सल्यमय व्यवहार जस्ता तत्त्वहरूको आवश्यकता पर्ने हुन्छ। बालबालिकाको यो उमेर जीवन विकासको पूर्वाधार र भविष्यको शैक्षिक सफलताको आधार हो। प्रारम्भिक बाल्यावस्थामा प्राप्त हुने विभिन्न प्रकारका अनुभव, समस्या र चुनौतीहरूले उनीहरूको जीवनपर्यन्त हुने विकास र सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ।

प्रारम्भिक बालविकासको सिकाइ तथा विकास अवसरले बालबालिकाको शैक्षिक सफलता र स्वस्थ जीवन र दीर्घकालीन सिकाइ अवसरहरूका लागि पूर्वाधार तयार गर्दछ । यस समयमा बालबालिकामा आत्मविश्वास, आत्मसम्मान, आत्मनियन्त्रण, सकारात्मक सम्बन्ध, ज्ञानको प्रवर्धन र सिपको विकास जस्ता पक्षहरूको विकास हुने गर्दछ। यस अवस्थाका बालबालिकाको स्नायु प्रणालीमा शिक्षक, बालबालिकासँग निकट रही व्यवहार गर्ने व्यक्ति वा अभिभावकसँगको सम्बन्ध, शारीरिक स्वास्थ्य र पोषणयुक्त खानाको अवसर तथा मनोसामाजिक अवसरले प्रभावित गरिरहेको हुन्छ । यस अवस्थामा हुने अवरोधमुक्त विकासले बालकको चौतर्फी विकास र वृद्धि हुने गर्दछ। यसै आधारबाट पछिका वर्षहरूमा बालकको व्यक्तिगत विकास र सिकाइ हुने गर्दछ। बालबालिकाका यी प्रारम्भिक वर्षमा जीवनको आधार निर्माण हुने गर्दछ।

युरोपियन कमिसनले यस समयलाई आधार वर्ष र सिर्जनात्मक अवस्था भनेर उल्लेख गरेको पाइएको छ (युरोपियन कमिसन २०१४)। अरू विषयका अतिरिक्त बालबालिकाको मस्तिष्क विकासको आधार समय पनि यही हो। यसै समयमा बालबालिकाहरूको सामाजिक, भाषिक, बौद्धिक, संवेगात्मक, साँस्कृतिक र शारीरिक विकासको आधार निर्माण हुने गर्दछ। यो समय बालबालिकाको भावी जीवनको आधार हो। युनेस्कोका अनुसार बालबालिकाको यो समय मानव विकासका संज्ञानात्मक, सामाजिक, मानसिक, बौद्धिक, भावनात्मक र शारीरिक विकास हुने समय हो।

यस उमेरका बालबालिकामा सिकाइ र विकास सँगसँगै हुन्छ। यसै समयदेखि नै संज्ञानात्मक, भावनात्मक, सामाजिक र शारीरिक रूपमा बालबालिकाहरू पूर्ण क्षमताका साथ राष्ट्रको विकासमा संलग्न रहन्छन् (युनिसेफ, पृष्ठ २०१,

2014)। बालबालिकाको प्रारम्भिक उमेरदेखिको सिकाइका लागि सकारात्मक हस्तक्षेपले बौद्धिक क्षमता, व्यक्तित्व र सामाजिक व्यवहारमा स्थायी प्रभाव पर्दछ। यस चरणमा व्यवस्थित सिकाइ तथा विकासका गतिविधि र पोषणको व्यवस्था गर्नुपर्छ। यसले बालबालिकाको मानसिक, मनोसामाजिक, बौद्धिक र संज्ञानात्मक विकासलाई मद्दत गर्दछ। यी आधारमा बालबालिकाको भविष्यको हित र शिक्षाको ठोस आधार निर्माण हुने गर्दछ।

बाल्यावस्थाको विकासले मानव विकासको आधार निर्माण गर्दछ र यसले भावी जीवनमा प्रभाव पार्दछ। संज्ञानदाता बन्नु, व्यक्तिगत विकास हुनु, अभिभावक बन्नु, राष्ट्र सेवी र विश्व परिवेशमा सक्षम बन्नु जस्ता विषयलाई बालबालिकाका लागि बन्ने नीतिमा प्राथमिकता दिनुपर्दछ। प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि सार्वजनिक नीतिमार्फत शिक्षा र बालविकासमा उच्च प्राथिमकता दिई विद्यालयदेखि नै कार्यक्रमहरूको कार्यान्वयनको थालनी गर्नुपर्दछ। यसले प्रारम्भिक बालविकासका क्षेत्रमा गरिने लगानीको सुधार, संज्ञानात्मक तथा सामाजिक भावनाको विकास, विद्यालयको तत्परता, स्वास्थ्य र पोषणको स्थितिको सुधारले ठूलो प्रतिफल प्राप्त भएको पाइएको छ। उल्लिखित विषयहरूको सहयोगमा सिकाइ उपलब्धिमा सुधार गर्नु, विद्यालय छोड्ने दर घटाउनु र विद्यालय चक्र पूरा गर्ने दर बढाउने लक्ष्य सहस्राब्दी विकास लक्ष्यको सूचक २ र ३ तथा सबैको लागि शिक्षा (इएफए) ले लक्ष्य लिइएको छ। यी उल्लिखित लक्ष्य पूरा गर्न सबैका लागि शिक्षा शिशु विकाससम्बन्धी कार्यक्रमहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

माथि उल्लिखित फाइदाहरूको आँकलन गर्दै प्रारम्भिक बालविकासका कार्यक्रमलाई दिगो विकासको लक्ष्यको एक प्रमुख घटकका रूपमा अघि सारिएको छ। यसकारण प्रस्तावित शिक्षाका लक्ष्य प्राप्ति गर्न शिक्षाका सरोकारवाला तथा विकास साझेदारहरूबाट थप सहयोग हुने अपेक्षा गरिएको छ।

बढ्दो उमेरका बालबालिकाको शिक्षा र विकासका लागि विभिन्न किसिमका प्रयत्नहरू भएका छन्। यस क्रममा बालबालिकाको सिकाइ र विकाससँगै अघि बढाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्। जसमा प्रारम्भिक बालविकास र सिकाइका लागि प्रारम्भिक बालशिक्षा, पूर्व प्राथमिक शिक्षा, किन्डरगार्टन, नर्सरी आदि रूपमा विभिन्न नामले कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। यस्ता कार्यक्रमहरू विश्वभर नै संस्थागत एवम् सङ्गठित रूपमा विकसित हुँदै आएको पाइएको छ। सार्वजनिक शिक्षा प्रणालीमा यस्ता कार्यक्रमको मुख्य उद्देश्य बालबालिकाको संज्ञानात्मक, भावनात्मक, सामाजिक र शारीरिक क्षमताको विकास गर्नु रहेको छ (युनिसेफ-२०१४)।

यस प्रकारका कार्यक्रमको मुख्य ध्येय बालबालिकालाई विद्यालय जाने तत्परतासम्बन्धी सिपको अभ्यास गराउनु हो। यस प्रकारका अभ्यासहरूले बालबालिकाको भावी सिकाइ तथा विकास र उपलब्धि नतिजामा प्रभावकारी भूमिका निर्वाह गर्दछ। यस समयको सिकाइले बालबालिकाले स्वस्थ्य रहन र आजीवन विभिन्न लाभ प्राप्त गर्ने काम गर्न प्रेरित गरिरहन्छ (युनिसेफ-२००७)। यस प्रकारका कार्यक्रमहरूले विद्यालयमा हुने बालबालिकाको उपस्थिति तथा सिकाइ उपलब्धिमा प्रभाव पार्ने मात्र नभई प्रारम्भिक बालशिक्षाको अनुभव भएका बालबालिकाहरूले सिकाइमा निरन्तर रूपमा सफलता हासिल गर्न सक्छन्। जसले उनीहरूको जीवनमा आर्थिक तथा सामाजिक उन्नतिको कारकको काम गरिरहन्छ (ओइसिडि, २०१४)।

युवाहरूको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालशिक्षा तथा विकासको अवश्यकतालाई हृदयङ्गम गर्दै नेपाल सरकारले प्रारम्भिक बालशिक्षा र विकासका कार्यक्रमलाई सार्वजनिक शिक्षाको अङ्गका रूपमा संस्थागत गर्दै लगेको छ। सबै लक्षित बालबालिकामा प्रारम्भिक बालशिक्षा तथा विकासका कार्यक्रममार्फत पँहुचमा विस्तार र सुधार, सिकाइ तथा विकासका लागि विभिन्न मापदण्डको विकास र व्यवस्थापनमा सुधार जस्ता प्रयासहरूको संयोजन गर्दै आएको छ। हालसम्म भएका प्रयास र विगतको दशकमा भएका उपलब्धिलाई प्ररम्भिक बालशिक्षा तथा विकासका महत्त्वपूर्ण उपलब्धि मान्नुपर्ने हुन्छ। प्रारम्भिक बालशिक्षा तथा विकासको क्षेत्रमा भएका कार्यहरूको आधारमा मूल्याङ्कनको आवश्यकता महसुस गरिएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०१७ देखि प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको परीक्षणको थालनी गरेको छ। यस परीक्षणले बालबालिकाको प्रारम्भिक शिक्षा तथा विकासको लागि तयार गरिएको मापदण्डको आधारमा प्रारम्भिक बालशिक्षा तथा विकासका कार्य गर्ने केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापनको अनुगमन गर्न प्रमाणमा आधारित जानकारी प्रदान गर्दछ। यसबाट प्रणाली र प्रगतिको सूचना प्राप्त गर्न सकिन्छ। यस प्रकारको राष्ट्रिय स्तरको मूल्याङ्कनमार्फत निकालिएको प्रमाणमा आधारित सूचनाले नीति निर्माता, योजनाकार, यस क्षेत्रका प्राविधिकहरू तथा सरोकारवालालाई यथार्थ अवस्थाको जानकारी र गन्तव्यको सूचित गर्ने गर्दछ। यस प्रकारको परीक्षणको प्रतिवेदन राष्ट्रिय शिक्षा समिति, उच्चस्तरीय नीति मार्गनिर्देशक निकाय, कार्यक्रमका योजनाकार, शिक्षक र प्राविधिक क्षेत्रको समीक्षाको विषय बन्नुपर्दछ। यस प्रतिवेदनले सम्बद्ध सबै पक्षलाई पृष्ठपोषण गर्नेसमेत अपेक्षा गरिएको छ।

### १.१ नेपालमा प्रारम्भिक बालविकासको सन्दर्भ

नेपालमा प्रारम्भिक कक्षाका रूपमा प्रिस्कूलिङ कार्यक्रम सन् १९८० देखि नै सञ्चालनमा रहँदै आएको छ। यो कार्यक्रमलाई बालबालिकाको शैक्षिक पक्षमा बढी जोड दिने गरी सञ्चालन गरिँदै आएको थियो। प्रारम्भिक बालविकास कार्यक्रम भने शैक्षिक उपलब्धिभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित थियो। यस कार्यक्रमलाई सन् २००० पछि सबैका लागि शिक्षाको मार्गचित्रभित्र संस्थागत गरिएको थियो।

प्रारम्भिक बालशिक्षा तथा विकासबाट हुने विभिन्न फाइदा र आवश्यकतालाई महसुस गरी ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाको पँहुच सुनिश्चित गर्न द्रुततर गतिमा प्रारम्भिक बालशिक्षाका लागि बालविकास केन्द्रहरूको स्थापना गर्न थालियो। यो कार्यक्रम द्रुततर रूपमा देशभर विस्तार भयो। यसको परिणाम स्वरूप संस्थागत विद्यालयमा सञ्चालित प्रारम्भिक बाल कक्षाबाहेक ३०४४८ बालविकास केन्द्रहरू सञ्चालनमा आएका छन्। हाल यस उमेर समूहका बालबालिकाको भर्नादर ८४.१ प्रतिशत पुगेको छ। प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रम र संस्थागत विद्यालयमा सञ्चालित प्रारम्भिक बालकक्षाको अनुभव भएका कुल ६६.३ प्रतिशत बालबालिका कक्षा १ मा भर्ना हुने गर्दछन् (फ्लास रिपोर्ट २०७४, शिक्षा विभाग।

सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना सन् २००१-२०१५ मा यस विषयलाई विशेष स्थान दिएको थियो। बाल अधिकारको रक्षा गर्न र प्रारम्भिक शिक्षा तथा विकासका कार्यक्रमको व्यापक विस्तार तथा प्रबर्धन गर्ने दृष्टिले सन् २००४ मा प्रारम्भिक बाल्यावस्थाको विकासका लागि राष्ट्रिय नीति तयार गरियो। यस नीतिले बालबालिकाको

शारीरिक, मनोसामाजिक, संज्ञानात्मक, अध्यात्मिक र नैतिक क्षमताको सर्वाङ्गीण विकास जोड दिन्छ । नेपालमा प्रारम्भिक बालविकासका लागि राष्ट्रिय रणनीतिक योजना २००४ तयार गरिएको छ । यसलाई प्रारम्भिक बालशिक्षा तथा बालविकासका नीति कार्यान्वयनको कार्ययोजना निर्माण गर्न विकसित गरिएको हो । यसको मुख्य उद्देश्य सबैका लागि शिक्षा कार्यक्रम कार्यान्वयन सुनिश्चित गर्न प्रतिबद्धता जनाउनु हो ।

प्रारम्भिक बालशिक्षा तथा विकासका कार्यक्रममार्फत प्रदान गरिने सेवा तथा सुविधाको स्तर कायम राख्दै यस्ता कार्यक्रम सञ्चालन गर्ने केन्द्रहरूको कार्य सम्पादन गर्ने निर्देशिका शिक्षा विभागबाट तयार गरी लागू गरिएको छ । यसमा सबै बालविकास केन्द्रहरूको न्यूनतम शिक्षा र विकासका मानक, प्रारम्भिक बालशिक्षा र विकासको पाठ्यक्रम, बालबालिकाले हासिल गर्नु पर्ने न्यूनतम सिकाइ उपलब्धि र बालबालिकामा हुनुपर्ने सक्षमताहरू समावेश गरिएका छन् ।

वि.सं २०६६ मा आरम्भ भएको विद्यालय क्षेत्र सुधार कार्यक्रममा बालविकास केन्द्रमा भर्ना हुने बालबालिका ४ वर्षको उमेर पूरा भएको हुनुपर्ने मान्यता स्थापित गरियो । सोही विषयलाई २०७३ बाट प्रारम्भ भएको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि निरन्तरता दिएको छ । विद्यालय क्षेत्र विकास योजनाले एक वर्षको प्रारम्भिक बालशिक्षा तथा विकासलाई आधारभूत शिक्षाको एउटा अङ्गको रूपमा व्यवस्थित गर्ने कुरा उल्लेख गरेको छ । सन् २०१६-२०२३ सम्म लागू हुने यस योजनाले प्रारम्भिक बालिवकास कार्यक्रमको गुणस्तर सुधार गर्नु आवश्यक भएको विषयलाई औंल्याएको छ । यिनै विविध विषयका आधारमा यो परीक्षण सम्पन्न भएको छ ।

संयुक्त राष्ट्र सङ्घद्वारा जारी दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा सबै बालबालिकाको गुणस्तरीय प्रारम्भिक बालविकास र हेरचाहको सुविधा विस्तार गरी ती बालबालिकालाई प्राथमिक शिक्षाका लागि तयार पार्ने भन्ने कुरा उल्लेख छ । यस कार्यक्रममा समेत नेपाल सरकारले प्रतिबद्धता जनाएको छ । यस प्रतिबद्धताका आधारमा नेपाल सरकारले दिगो विकासका कार्यक्रमको तयार र कार्यान्यनको थालनी गरिसकेको छ । बाल सहभागिता, बाल बचावट, बाल अधिकार र बाल संरक्षण जस्ता अन्तर्राष्ट्रिय बाल अधिकारसम्बन्धी महासन्धिमा उल्लिखित बाल अधिकारका पक्षलाई कार्यान्वयन गर्ने कुरालाई नेपालले प्रतिबद्धता जनाएको छ ।

नेपालको संविधानमा प्रारम्भिक बालविकासलाई बालबालिकाको हकको रूपमा व्याख्या गरिएपछि यसको थप महत्त्व बढेको छ । त्यसैगरी नेपालको संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने जस्ता विषयवस्तुलाई मौलिक हकका रूपमा स्थापित गरेको छ ।

प्रारम्भिक बालविकाससम्बन्धी रणनीति पत्र, २०६१ ले नेपालमा विभिन्न नामबाट सञ्चालित प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू (जस्तै: नर्सरी, किन्डर गार्टेन, बालविकास केन्द्रहरू) जुनसुकै नामबाट सञ्चालन भएतापनि सबै कार्यक्रमहरूले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू प्रदान गर्नुपर्छ भन्ने कुरा किटान गरेको छ । यसले विभिन्न तहमा बालबालिकासँग सम्बन्धित सेवा प्रदायकहरूका बीचमा आपसी स्रोत साधनहरूको परिचालन गर्न समन्वय गर्नु पर्ने कुरा उल्लेख गरेको छ । शिक्षा ऐनको आठौँ संशोधनमार्फत्

राज्यले चार वर्ष पूरा भएका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा अनिवार्य प्रदान गर्ने प्रतिबद्धता जनाएको छ ।

हाल नेपालमा ३६५६८ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा छन् । जसमध्ये शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् (विद्यालयमा तथा समुदायमा आधारित केन्द्रहरू) ३०४४८ वटा छन् भने ६१२० वटा संस्थागत विद्यालयद्वारा सञ्चालित छन् (फ्लास रिपोर्ट २०७४, शिक्षा विभाग)। बालविकास केन्द्रमा बालबालिकाको कुल भर्ना दर ८४.१ प्रतिशत रहेको पाइएको छ । जसमध्ये ६६.३ प्रतिशत बालबालिकाहरू बालविकास कार्यक्रमको अनुभवसहित कक्षा १ मा प्रवेश गरेको देखिन्छ (शिक्षा विभाग, २०७४)।

प्रारम्भिक बालविकासको अनुभव लिएर कक्षा १ मा प्रवेश गरेका बालबालिकाको शैक्षिक उपलब्धि दर बढी हुने गरेको र माथिल्ला कक्षामा उनीहरू तुलनात्मक रूपमा सो अनुभव नलिएका बालबालिकाभन्दा सक्रिय रहने गरेको पाइएको छ । सामुदायिक विद्यालयमा चार वर्ष उमेर पुगेकालाई एक वर्षे बालविकास कार्यक्रम सञ्चालन गरिएको छ । बालविकास केन्द्रहरूका लागि पाठ्यक्रम र व्यवस्थापनको न्यूनतम मापदण्डको व्यवस्था गरिएको छ । मापदण्डमा बालविकास केन्द्रको भवन स्तर, कक्षा कोठको आकार र व्यवस्थापन, कक्षामा बालबालिकाको खेलकुद, मनोरञ्जन सामग्री, सामाजिक अन्तरक्रियाको अवसर, पुस्तकालय र पुस्तक कुना जस्ता बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक पक्षहरू निर्धारण गरिएको छ (प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७)।

## १.२ प्रारम्भिक बालविकास सिकाइ तथा विकासस्तर परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन हुने कार्यक्रममध्ये प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) को उपलब्धिस्तर परीक्षण र बालिवकास केन्द्रको व्यवस्थापकीय कार्यसम्पादनस्तर परीक्षणबाट वास्तविक अवस्थाको पहिचान गरी सार्वजनिकीकरण गर्नु एउटा महत्त्वपूर्ण कार्य मानिन्छ । यस केन्द्रले स्थापना कालदेखि नै सो कार्यलाई महत्त्व दिँदै आएको छ । जसअनुसार स्तरीकृत परीक्षण साधनको प्रयोग गरी प्रत्येक वर्ष केही सङ्ख्यामा बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण र बालबालिकाको सिकाइ तथा विकासस्तरको परीक्षण गर्दै आएको छ । यसरी गरिने परीक्षणबाट प्राप्त तथ्याङ्क र जानकारीहरू विश्लेषण गरी प्रतिवेदन सार्वजनिकीकरण गर्ने गरिएको छ ।

शैक्षिक गुणस्तर परीक्षणको मूल मर्म र भावनाअनुसार परीक्षणका नतिजालाई सम्बन्धित सङ्घ संस्थासँग छलफल गरी स्वअनुभूत गराउने र नतिजाको सार्वजनिकीकरण गर्नु आवश्यक छ । त्यसैगरी सहयोगी संस्था, व्यक्ति र निकायलाई जानकारी उपलब्ध गराउने थप प्रयासको लागि अवसर उपलब्ध गराउने यसको लक्ष्य हुन्छ । नियमनकारी तथा सहजीकरण गर्ने निकायलाई जानकारी उपलब्ध गराउनाले ती निकायलाई अनुगमन गर्न आधारभूत जानकारी प्राप्त हुन्छ । परीक्षणबाट प्राप्त हुने तथ्याङ्क र जानकारीलाई निर्धारित प्रक्रिया तथा विधिका आधारमा विश्लेषण गरेपछि मात्र विश्वसनीय नतिजा प्राप्त हुन्छ । तथ्याङ्कको विश्लेषित नतिजालाई प्रतिवेदनको रूपमा तयार गरी सार्वजनिकीकरण गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आर्थिक वर्ष २०७४/०७५ मा सञ्चालन भएको प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको सिकाइ तथा विकासस्तर परीक्षण गरिएको छ । परीक्षणमा १५ जिल्लाका ४४ बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण र ३०० बालविकास केन्द्रका ३६७५

बालबालिकाको सिकाइ तथा विकासस्तर परीक्षण गरिएको थियो । सो परीक्षणको सूचना तथा तथ्याङ्क विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.३ परीक्षणको आवश्यकता

जब मुलुकले प्रारम्भिक बालशिक्षा तथा विकासका कार्यक्रममा लगानी बढाउँछ तव त्यस लगानीको उपलब्धि र प्रभाव कति प्रभावकारी भयो भनी मूल्याङ्कन गर्नुपर्दछ । यसको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका मानक, व्यवस्थापनका मानक वा आधार र सञ्चालनका अवस्थाको यथार्थता सूचित गर्नु हो । यस अध्ययनले प्रारम्भिक बालशिक्षा तथा विकासका नीति, थप लगानीका क्षेत्र, पाठ्यक्रम, सिकाइ सहजीकरण र शिक्षक प्रशिक्षणका अवस्थाको सूचित गर्ने गर्दछ । बालबालिकाहरूको सिकाइको अवस्थाको पहिचान गर्नु, विशेष रूपमा सिकाइ जोखिममा परेका बालबालिकाहरूको पहिचान गर्नु, विद्यमान शैक्षिक प्रणाली र बालबालिकाको सिकाइ उपलव्धिको बीचको दूरी पहिचान गर्नु, जनसङ्ख्याका आधारमा प्रारम्भिक बालविकास केन्द्रहरूको कार्यसम्पादनस्तर परीक्षण र मापन गर्नु, बालविकास र सिकाइमा समता तथा समानताको अवस्थाको पहिचान गर्नु र बालबालिकाको शिक्षा र विकासका मापदण्डको पहिचान गर्नुपर्ने आवश्यकता रहेकोले प्रस्तुत अध्ययन भएको छ ।

दिगो विकासका लक्ष्य सन् २०३० अन्तर्गतको लक्ष्य ४ अन्तर्गत शिक्षाको एजेन्डाले प्रारम्भिक बाल्यावस्थाको विकास लगायत सबै प्रस्तावित लक्ष्यहरूमा शिक्षाको मापनमा जोड दिइएको छ । प्रारम्भिक बालशिक्षा तथा विकासका क्षेत्रका लागि यस एजेन्डाले प्रत्येक देशलाई सूचकअनुसार कार्य भए नभएको अनुगमन गर्न निर्देश समेत गरेको छ । जसबाट स्वास्थ्य, शिक्षा र मनोवैज्ञानिक क्षेत्रका प्रगतिको अनुगमन गर्ने अपेक्षा गरिएको छ । प्रत्येक लक्ष्यको लागि सिकाइ उपलब्धि मापन गर्ने विषयमा महत्त्वपूर्ण प्रश्नहरू छन् । प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको विकास र सिकाइ अवस्थाको परीक्षणले नीति निर्माताहरू, शिक्षक तथा पेशागत समूह, अभिभावक र व्यवसायीहरूलाई बालबालिकाको विकासात्मक अवस्था कुन अवस्था र स्तरमा छ भन्ने कुरा प्रष्ट पार्दछ ।

सन् २०१० मा तत्कालीन शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित सङ्घसंस्थाहरूको कार्य सम्पादन परीक्षण गर्ने उद्देश्यले शैक्षिक गुणस्तर परीक्षण केन्द्र स्थापना भएको छ । यसले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेका शैक्षिक निकायहरू र विद्यालयहरूको स्वतन्त्र रूपमा कार्यसम्पादन परीक्षण गर्ने जिम्मेवारी पाएको छ । यसै गरी प्रारम्भिक बालशिक्षा तथा विकास लगायत विद्यालय तहका विद्यार्थीहरूको सिकाइको उपलब्धि परीक्षण गरी शिक्षा पद्धतिको सुधार गर्नका लागि सुझाव प्रदान गर्ने जिम्मेवारी पाएको छ । बालबालिकाको उपलव्धिको परीक्षण गर्ने कार्यले सिकाइमा सुधार ल्याई गुणस्तर वृद्धिमा ठूलो योगदान गर्ने अपेक्षा समेत गरिएको छ । यस संस्थाले अपनाउदै गरेको प्रक्रियामा आत्मपरीक्षण, बाह्य व्यक्तिद्वारा र कानुनी प्रावधानका आधारमा परीक्षण गर्ने अभ्यास रहेको छ । उल्लिखित आधारमा पाठ्यक्रम र पाठ्यक्रम सामग्री, शिक्षक व्यवस्थापन, वित्तीय व्यवस्थापन, शैक्षणिक प्रयोजन, पूर्वाधार र भौतिक पक्ष जस्ता विषयलाई सम्बोधन गरिएको छ।

यस परीक्षणमार्फत प्रारम्भिक बालशिक्षा तथा विकासका सहजकर्ताहरू र अभिभावकहरूले व्यक्तिगत रूपमा बालबालिकाको प्रगति र स्थिति, उनीहरू कसरी सिकिरहेका छन् भन्ने जानकारी हासिल गर्दछन् । शिक्षा र विकासका गतिविधि निर्माण र कार्यान्वयनको अवस्थाको जानकारी हुने गर्दछ । यसबाहेक योजनाकारलाई प्रारम्भिक बालशिक्षा

तथा विकासका क्षेत्रमा कुन पक्षहरूमा प्राथमिकता दिनुपर्छ भन्ने स्पष्ट हुन्छ र सो क्षेत्रको विकासका लागि मार्गदर्शन प्राप्त हुने गर्दछ ।

## १.४ उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य बालविकास केन्द्रका बालबालिकाको सिकाइ तथा विकासको अवस्था पहिचान गर्नु हो । यसका विशिष्टीकृत उद्देश्यहरू निम्नानुसार छन् :

१. बालविकास केन्द्रका बालबालिकाको सिकाइ तथा विकासको अवस्था पहिचान तथा मापन गर्नु ।
२. बालविकास केन्द्रहरूका लागि निर्धारण गरिएको भौतिक पूर्वाधार, व्यवस्थापन र कार्यसम्पादनस्तरको अवस्था पहिचान र विश्लेषण गर्नु ।
३. अध्ययनका नतिजाहरू सार्वजनिकीकरण गर्नुको साथै सबै सरोकारवालालाई उपलब्ध गराई सुधारका लागि सूचना तथा जानकारी उपलब्ध गराउनु ।

## १.५ अध्ययनको सीमाङ्कन / परिसीमाङ्कन

प्रस्तुत अध्ययनको कार्यप्रणाली र निष्कर्ष आफैमा सङ्क्षिप्त रूपमा रहेको छ । प्रारम्भिक बालशिक्षा तथा विकासको परीक्षणमा बालविकास केन्द्रको अध्ययन पूरा गरी कक्षा एकमा अध्ययनरत बालबालिकालाई लिइएको छ । समान्यतया यस्तो अध्ययनमा शैक्षिक वर्षको अन्त्यमा सञ्चालन गर्नुपर्ने भएतापनि उपलव्ध समय र स्रोतको व्यवस्थापनका कारण प्रारम्भिक बालशिक्षा अध्ययन गरी कक्षा एकमा भर्ना भएका बालबालिकालाई शैक्षिक सत्रको सुरूमा परीक्षण गरिएको थियो।

यस अध्ययनको नमूना छनौट विधि पूर्ण रूपमा Random Sampling नभएको हुनाले भारित औसत (weighted mean) को तुलना नगरी नमूनाको औसत (sample mean) मात्र प्रस्तुत गरिएको छ ।

## १.६ प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनलाई पाँच परिच्छेदमा प्रस्तुत गरिएको छ । पहिलो परिच्छेदमा प्रारम्भिक बालशिक्षा तथा विकासको पृष्ठभूमि, अध्ययनको उद्देश्य, नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकासको सन्दर्भ र परीक्षणको आवश्यकता समावेश गरिएको छ । त्यस्तै दोस्रो परिच्छेदमा अध्ययनको विधिलाई समावेश गरिएको छ । अध्ययनको विधिअन्तर्गत मूल्याङ्कनका साधन, प्रतिनिधि नमुना सङ्कलन र परीक्षणका स्थानहरूलाई समावेश गरिएको छ । यस परिच्छेदमा तथ्याङ्क सङ्कलन तथा विश्लेषणको तरिकासमेत समावेश गरिएको छ । अध्ययनको अवधिभरि नै यिनै प्रक्रिया तथा पद्धतिका आधारमा अध्ययन कार्य अघि बढाइएको थियो । त्यस्तै तेस्रो परिच्छेदमा प्रारम्भिक सिकाइ र विकासको नतिजालाई समावेश गरिएको छ । यो कार्यक्रमको थालनीपछि बालबालिकाको उपलब्धिको अवस्थाका विषयमा यस परिच्छेदमा विश्लेषण गरिएको छ । उपलब्धिको विश्लेषण गर्दा लिइएका विभिन्न आधारको समेत चर्चा र विश्लेषण गरिएको छ । त्यस्तै गरी चौथो परिच्छेदमा व्यवस्थापनका विषयमा चर्चा गरिएको छ । अन्तिम परिच्छेदमा अध्ययनबाट देखिएका अवस्था र नतिजा विश्लेषणको निष्कर्ष र सुझाव समावेश गरिएको छ ।

# परिच्छेद २ : अध्ययन विधि

## २. परिचय

अनुसन्धानको उद्देश्यअनुसार तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने प्रक्रियालाई अध्ययन विधिका रूपमा लिइन्छ । यस परिच्छेदमा अध्ययन ढाँचालाई (Research Design) समावेश गरिएको छ । यसमा परीक्षण योजना, अध्ययनका तरिका र साधनहरूको विकास, बालविकास केन्द्र छनोट र तिनको परीक्षण, तथ्याङ्क सङ्कलन र विश्लेषणका साथै बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण प्रक्रियाका सम्बन्धमा चर्चा गरिएको छ ।

## २.१ परीक्षण योजना

बालबालिकाको कार्यसम्पादन परीक्षण विभिन्न तीन चरणमा सम्पन्न गरिएको थियो । पहिलो चरणमा परीक्षण प्रारूप (Assessment Framework) तयार गरिएको थियो । सो प्रारूप तयार गर्दा बालबालिकाको सिकाइ र विकासलाई आधार मानी सूचकहरू विकास गरिएको थियो । जसमा बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ र प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाको सिकाइ तथा विकास स्तर, २०६९ लाई विशेष आधार मानिएको थियो । यिनै दस्तावेजका आधारमा परीक्षण साधन, परीक्षण प्रश्नावली र प्रक्रिया निर्धारण गरिएको थियो । यस चरणमा अन्तराष्ट्रिय अभ्यास, बालविकासका सिद्धान्तहरूलाई उचित ध्यान दिई बालविकास र सिकाइका ६ ओटा विषय क्षेत्रगत (Domainwise) रूपमा परीक्षण क्षेत्र पहिचान गरिएको थियो । तालिका २.१ मा परीक्षणका लागि तयार गरिएको साधनले सम्बोधन गर्नुपर्ने विषयगत सीप र परीक्षण कार्य (Assessment Tasks) सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २.१ : प्रारम्भिक बालशिक्षा तथा विकास परीक्षणको ढाँचा**

| ज्ञानात्मक क्षेत्र | सिपहरू | परीक्षणका विषयवस्तु |
|---|---|---|
| शारीरिक विकास | स्थूल अङ्ग परिचालनसम्बन्धी सिप | • सही ढङ्गले उफ्रनु<br>• वस्तुहरू फ्याक्नु र समात्नु |
| | सूक्ष्म अङ्ग परिचालनसम्बन्धी सिप | • कागजलाई बराबर भागमा पट्याउने र च्यात्ने<br>• विन्दु जोडी आकार बनाउने |
| | संवेदनात्मक सिप | • आवाजहरूको पहिचान गर्ने<br>• टाढा र नजिकको दूरी पहिचान गर्ने |
| | स्वास्थ्य र सरसफाइ | स्वास्थ्य र सरसफाइको अवस्था पहिचान गर्ने । |
| भाषिक विकास | सुनाइ सिप | निर्देशनअनुसार कार्य गर्ने । |
| | अभिव्यक्ति सञ्चार | नाम, उमेर र घरको ठेगाना बताउन । |
| | पूर्व पठन | • चित्र तथा वस्तु पहिचान गरी नाम भन्ने<br>• शब्दका सुरु अक्षर चिन्ने<br>• नेपाली र अङ्ग्रेजी वर्णमालाका अक्षर चिन्ने |

| ज्ञानात्मक क्षेत्र | सिपहरू | परीक्षणका विषयवस्तु |
|---|---|---|
| | पूर्व लेखन | • सीधा रेखा, अर्धवृत्ताकार, नेपाली र अङ्ग्रेजी वर्णमालाका अक्षरको अनुलेखन<br>• नाम लेख्न |
| बौद्धिक विकास | रङ्ग पहिचान र पजल मिलाउने | • रातो, पहेंलो र नीलो पहिचान गर्ने<br>• पजलबाट चित्रहरू बनाउने |
| | समयको अवधारणा | • हप्ताका दिनहरूको पहिचान गर्ने |
| | वस्तु र साधनको पहिचान गर्ने | • यातायात र सञ्चारका साधनहरूको पहिचान गर्ने<br>• दैनिक उपयोगका सामान वा वस्तुको पहिचान गर्ने |
| | दिशाको पहिचान | • दाँया बाँयाको पहिचान गर्ने |
| | सङ्ख्याको चिनारी | • आधारभूत सङ्ख्याको पहिचान गर्ने |
| | आकार, परिणाम र लम्बाइको जानकारी | • सानो-ठूलो, लामो-छोटोको भिन्नता पहिचान गर्न |
| | सिर्जनात्मक कार्य | • अपुरो चित्र वा आकारबाट पूर्ण चित्र बनाउने वा आकार दिने |
| सामाजिक विकास | जीवनोपयोगी सिप | • मन पर्ने र मननपर्ने कार्यको पहिचान गर्ने |
| | संवेगको पहिचान | • परिस्थितिअनुसार भावना व्यक्त गर्ने<br>• अर्कोलाई सहानुभूति प्रकट गर्नु |
| साँस्कृतिक विकास | मूल्य र मान्यता | • आफ्नो घर रहेको क्षेत्रमा मनाउने विशिष्ट चाड पर्वको जानकारी |

बालविकास तथा सिकाइको व्यवस्थापकीय पक्षको परीक्षण गर्न प्रारम्भिक बालविकास केन्द्र राष्ट्रिय न्यूनतम मापदणड मार्गदर्शक पुस्तिका २०६७ का आधारमा एक अतिरिक्त परीक्षण खाका (Framework) विकास गरिएको थियो, जुन तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२ : बालविकास केन्द्रको व्यवस्थापन मापनका लागि परीक्षणको ढाँचा**

| व्यवस्थापन क्षेत्र | यथार्थ विवरण | अङ्कनको आधार |
|---|---|---|
| भौतिक पूर्वाधार/ सुविधा | भवन, केन्द्रको कोठा, कोठाको व्यवस्थापन, बैठक व्यवस्था, पुस्तकालय र सिकाइ कुनाहरू, कोठाको व्यवस्थापन / साजसज्जा तथा सजावट, शिक्षण सामग्रीको उपलब्धता, शिक्षण सामग्री, सिकाइ खेल सामग्री | प्रत्येक पक्षका लागि ३ अङ्कमा मापन गरिनेछ :<br>• आदर्श वा पूर्ण कार्यको मापदण्डका लागि ३ अङ्क,<br>• न्यूनतम मापदण्ड पूरा गर्नेका लागि २, |

| व्यवस्थापन क्षेत्र | यथार्थ विवरण | अङ्कनको आधार |
|---|---|---|
| सञ्चालन | नियमितता, सहयोगी कार्यकर्ताका लागि योग्यता र तालिम तथा अभिलेख व्यवस्थापन। | • न्यूनतम भन्दाकम कार्यका लागि १ र<br>• कुनै पनि मापदण्ड पूरा नगर्नेका लागि ० अङ्क प्रदान गर्ने। |

## २.२ परीक्षण साधन

माथि उल्लेखित परीक्षण ढाँचाका आधारमा विज्ञहरूबाट परीक्षणका लागि साधनहरूको विकास गरिएको थियो । यसरी परीक्षणका साधनहरूको विकास गर्दा विगत वर्षको परीक्षण साधनको प्रयोग, नतिजा र प्राप्त पृष्ठपोषणलाई समेत आधार बनाई अन्तिमीकरण गरिएको थियो। जसअनुसार गत वर्ष २८ ओटा मापनका सूचक निर्धारण भएका थिए भने यस वर्ष जम्मा २६ वटा सूचक निर्धारण गरी परीक्षण गरिएको थियो।

तालिका २.३ मा सिकाइका विषय क्षेत्रगत रूपमा सिक्नुपर्ने सिप (कार्य) र प्रत्येकको सङ्ख्या प्रस्तुत गरिएको छ।

**तालिका २.३ : परीक्षण क्षेत्रका आधारमा परीक्षण सङ्ख्या र साधनहरू**

| परीक्षणको क्षेत्र | सिप | परीक्षणको कार्यगत सङ्ख्या |
|---|---|---|
| शारीरिक विकास | स्थूल अङ्ग परिचालनसम्बन्धी सिप | २ |
| | सूक्ष्म अङ्ग परिचालनसम्बन्धी सिप | २ |
| | संवेदनात्मक सिप | १ |
| | स्वास्थ्य र सरसफाइ | १ |
| भाषिक विकास | सुनाइ सिप | ३ |
| | अभिव्यक्ति सञ्चार | २ |
| | पूर्वपठन | १ |
| | पूर्वलेखन | २ |
| बौद्धिक विकास | सुनाइ सिप | ४ |
| | अभिव्यक्ति सञ्चार | १ |
| | पूर्वपठन | १ |
| | पूर्वलेखन | १ |
| | सुनाइ सिप | १ |
| | अभिव्यक्ति सञ्चार | १ |
| | पूर्वपठन | १ |
| सामाजिक विकास | जीवनोपयोगी सिप | १ |
| संवेगात्मक विकास | संवेगको पहिचान | १ |
| | सहानुभूति | १ |
| साँस्कृतिक विकास | मूल्य र मान्यता | १ |

प्रारम्भिक बालविकास केन्द्रको कार्यसम्पादन परीक्षणका लागि विभिन्न ७४ ओटा सूचकहरू समावेश गरी १८ ओटा क्षेत्रहरू भएको परीक्षण साधन विकास गरी प्रयोग गरिएको थियो।

## २.३ परीक्षणको तयारी

माथि उल्लेख भएअनुसार विकास भएका परीक्षण साधनलाई परीक्षणको कार्यमा प्रयोग गर्नु पहिले पूर्वपरीक्षण (Piloting) गरिएको थियो । परीक्षण गर्ने क्रममा भौगोलिक र साँस्कृतिक विविधतालाई सम्बोधन हुने गरी बालविकास केन्द्रहरूको छनोट गरिएको थियो । परीक्षणबाट प्राप्त जानकारी र पृष्ठपोषणका आधारमा परीक्षण साधनलाई स्तरीकृत गरी अन्तिम रूप दिइएको थियो । साधनलाई अन्तिम रूप दिएपछि साधनको प्रयोग गर्ने सम्बन्धमा स्तरीकृत प्रक्रियासहितको मार्गनिर्देशन विकास गरिएको थियो । सोही मार्गनिर्देशनमा भएको स्तरीकृत प्रक्रिया (कार्यविधि) अवलम्वन गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विज्ञ तथा कर्मचारीलाई केन्द्रस्तरमा परीक्षण सञ्चालनसम्वन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिएको थियो । ती प्रशिक्षित विज्ञ तथा कर्मचारीबाट १५ जिल्लामा परीक्षण गर्नका लागि तोकिएका परीक्षक (विद्यालय निरीक्षक, स्रोत व्यक्ति, माध्यमिक शिक्षक), परीक्षण हुने बालविकास केन्द्रका प्रधानाध्यापक र सहजकर्तालाई जिल्लास्तरमा अभिमुखीकरण तालिम सञ्चालन गरिएको थियो ।

## २.४ जिल्ला र बालविकास केन्द्रको छनोट

हिमाल, पहाड र तराई तथा सबै प्रदेश (सात वटा) को प्रतिनिधित्व हुने गरी बालबालिकाको सिकाइ तथा विकास परीक्षणका लागि १५ जिल्ला छनोट गरिएको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको जिल्ला स्थित कार्यालय (तत्कालीन जिल्ला शिक्षा कार्यालय हाल शिक्षा विकास तथा समन्वय एकाई) सँग परामर्श गरी बालविकास केन्द्रहरू छनोट गरिएका थिए । यसरी छनोट गर्दा सामुदायिक विद्यालयमा सञ्चालन भएका केन्द्रहरू मात्र लिइएको थियो । यस प्रकार सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक पद्धतिका आधारमा जम्मा २९९ वटा बालविकास केन्द्र परीक्षणका लागि नमूना छनोट भएका थिए । तालिका २.४ मा प्रदेशगत र जिल्लागत बालबालिकाको संलग्न भएको विवरण प्रस्तुत गरिएको छ ।

**तालिका २.४ : अध्ययनका लागि छनोट भएका बालविकास केन्द्र र बालबालिकाहरूको सङ्ख्यात्मक विवरण**

| प्रदेश | जिल्ला | बालविकास केन्द्रको सङ्ख्या | जम्मा बालबालिका सङ्ख्या |
|---|---|---|---|
| १ | झापा | ३४ | ४५८ |
| | तेह्रथुम | १० | १०८ |
| | सङ्खुवासभा | ११ | १२४ |
| २ | सर्लाही | १९ | २८० |
| | पर्सा | २१ | ३१३ |
| ३ | रसुवा | ४ | २६ |
| | काठमाडौँ | ४३ | ५५६ |
| | मकवानपुर | २५ | ३२८ |
| गण्डकी | गोरखा | १७ | १९७ |
| | पर्वत | १३ | १३२ |

| प्रदेश | जिल्ला | बालविकास केन्द्रको सङ्ख्या | जम्मा बालबालिका सङ्ख्या |
|---|---|---|---|
| ५ | बाँके | २८ | ३४८ |
| | प्युठान | १६ | १६५ |
| कर्णाली | जुम्ला | ८ | ८८ |
| सुदूर पश्चिम | डडेलधुरा | १२ | १२९ |
| | कैलाली | ३८ | ४२३ |
| जम्मा | १५ | २९९ | ३६७५ |

### २.५ परीक्षण सञ्चालन

परीक्षण सञ्चालन स्वीकृत परीक्षण ढाँचाको आधारमा गरिएको थियो। स्तरीकृत परीक्षण साधन र केन्द्रबाट स्वीकृत मार्गनिर्देशनबमोजिमको प्रक्रिया अवलम्बन गरिएको थियो। प्रारम्भिक बालविकास केन्द्रको अध्ययन पूरा गरिसकेका कक्षा १ मा भर्ना भएका बालबालिकालाई नमूना छनौट गरी २०७५ सालको वैशाख अन्तिम हप्तामा परीक्षण सञ्चालन भएको थियो । बालबालिकाको सिकाइ तथा विकासस्तर परीक्षणका साथै बालविकास केन्द्रको व्यवस्थापकीय कार्यसम्पादनको अवस्थासमेत परीक्षण भएको थियो। परीक्षण कार्यसञ्चालन गर्न जिल्लास्तरको अभिमुखीकरणमा सहभागी भएका परीक्षक (तत्कालीन जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक, स्रोत व्यक्ति, माध्यमिक शिक्षक) लाई परिचालन गरिएको थियो । परीक्षणमा वातावरण व्यवस्थापन र क्रियाकलाप सञ्चालनमा सहयोग गर्नका लागि अभिमुखीकरण तालिम लिएका सम्बन्धित प्रधानाध्यापक र बालविकास केन्द्रका सहजकर्तालाई संलग्न गराइएको थियो।

परीक्षणको दिन विद्यालयमा उपस्थित भएकामध्ये एउटा केन्द्रबाट बढीमा १५ जना बालबालिकालाई परीक्षणमा सहभागी गराइएको थियो । सो दिन परीक्षण गरिने कक्षामा १५ जनाभन्दा बढी बालबालिका उपस्थित भएको अवस्थामा चिट्ठा (Random sampling) प्रक्रिया अवलम्बन गरी बालबालिका छनोट गरिएको र १५ जनाभन्दा कम भएको अवस्थामा सबै बालबालिकालाई परीक्षणमा सहभागी गराइएको थियो। परीक्षणको क्रममा प्रत्येक बालबालिकालाई परीक्षण गरिने विषयवस्तु (टास्क) को क्रियाकलाप गर्नका लागि सम्बन्धित सहजकर्ताले सहजीकरण गरेका थिए र सोको आधारमा परीक्षकले सिकाइ तथा विकासस्तर मापन गरेका थिए।

बालविकास केन्द्रको व्यवस्थापकीय पक्षको कार्यसम्पादनस्तरको अवस्थाको परीक्षण भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विज्ञ तथा कर्मचारीबाट सम्बन्धित केन्द्रमा स्थलगत अवलोकन र छलफल तथा अन्तर्क्रिया गरी सम्बन्धित सहजकर्ता र व्यवस्थापन समितिसमेतको सहयोगमा प्रमाणमा आधारित भई गरिएको थियो।

### २.६ तथ्याङ्कको विश्लेषण र व्याख्या

बालविकास केन्द्रको परीक्षणबाट प्राप्त तथ्याङ्क सुरक्षित रूपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा सङ्कलन गरिएको थियो । यसरी प्राप्त सबै सूचना र प्रत्येक प्रश्नावलीगत (Items) तथ्याङ्क तथा जानकारीलाई परिमाणात्मक (quantitative) रूपमा एक्सेल सफ्टवेयरमा प्रविष्टि गरिएको थियो । त्यसरी सफ्टवेयरमा व्यवस्थित गरिएका तथ्याङ्क तथा सूचनालाई एस.पि.एस.एस. (SPSS) सफ्टवेयरमा रूपान्तरण गरी आवश्यकताअनुसार विषय क्षेत्र

(Theme) बनाई विश्लेषण गरिएको थियो ।

तथ्याङ्क विश्लेषण गर्दा बालबालिकाहरूको उपलब्धिस्तरलाई तीन समूह (Band) मा विभाजन गरी विश्लेषण गरिएको थियो । जसअनुसार कमजोर (struggling), मध्यम स्तर (progressing) र राम्रो (on track) गरी विभाजन गरिएको थियो । त्यसै गरी बालबालिकाको समग्र औसत उपलब्धिको लैङ्गिक पक्ष, भाषागत पक्ष, प्रदेश र जिल्ला, विषय क्षेत्रगत (Domain-wise) पक्ष, सहजकर्ताको योग्यता, तालिम, अनुभव आदिका आधारमा तथ्याङ्क विश्लेषण गरि प्रस्तुत गरिएको छ।

विद्यालयमा आधारित ४४ वटा बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण स्तरीकृत परीक्षण साधनका आधारमा भएको थियो । सुरुमा भौतिक अवस्थासँग सम्बन्धित तथ्याङ्क र सिकाइ उपलब्धिसम्बन्धी तथ्याङ्क छुट्टाछुट्टै रूपमा कम्प्युटरमा प्रविष्टी गरिएको थियो । त्यसपछि ती दुई तथ्याङ्कबीचको सम्बन्ध हेर्न ती तथ्याङ्कलाई मिलान गरी तुलनायोग्य तालिकाहरू विकास गरिएको थियो । यी सबै पक्षमा तथ्याङ्कशास्त्रको ANOVA Test प्रयोग गरी बालबालिकाको उपलब्धिसँग व्यवस्थापकीय पक्षको सहसम्बन्ध हेरिएको थियो ।

# परिच्छेद ३ : औसत उपलब्धि, व्याख्या र विश्लेषण

## ३. उपलब्धि (Performance)

यो खण्ड बालबालिकाको औसत सिकाइ तथा विकासस्तरको उपलब्धिको व्याख्या र विश्लेषणमा केन्द्रित रहेको छ । बालबालिकाको उपलब्धिका आधारमा कमजोर (Struggling), मध्मम स्तर (Progressing) र राम्रो (On track) गरी तीन समूह (Bands) मा विभाजन गरी विश्लेषण गरिएको छ । समूहगत व्याख्यापछि समग्र औसत उपलब्धि (Overall average mean) लाई आधार मानी विषय/सिकाइका क्षेत्रगत (Domain), प्रदेशगत र जिल्लागत व्याख्या, शिक्षकको योग्यता, तालिम र अनुभवको आधारमा परीक्षण नतिजाको व्याख्या गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा प्राविधिक रूपमा नतिजालाई भारित औसतमा नभई नमूनाको आधारमा प्रस्तुत गरिएको छ । यी सबैको आधारमा अन्त्यमा यस खण्डको निचोड प्रस्तुत गरिएको छ ।

### ३.१ बालविकास र सिकाइमा बालबालिकाको समूहगत उपलब्धि

प्रारम्भिक बालविकास र सिकाइ उमेर समूहका बालबालिकाबाट उनीहरू कक्षामा पुग्न सर्वपक्षीय सिकाइ र विकासको अपेक्षा गरिएको हुन्छ । सामान्यतया सबैको बुझाइ ती बालबालिका कक्षा एकमा जान सक्षम छन् भन्ने हुन्छ । पाठ्यक्रममा पनि उनीहरूले सिक्नुपर्ने न्यूनतम विषयवस्तु र सर्वपक्षीय विकासका विषयवस्तु समावेश गरिएको छ ।

तीमध्ये केही विषयवस्तु निम्नानुसार छन्: यातायातका साधन चिन्नु, आफ्नो नाम भन्न सक्नु, उमेर, घर भएको ठेगाना, वक्ररेखा खिच्न, टाढा र नजिक पहिचान, 'क', 'ख' जस्ता अक्षरको नक्कल गर्न, सञ्चारका साधन बारे बताउन, दिशा बताउनु, केही सिर्जनात्मक कार्य गर्न र नेपाली तथा अङ्ग्रेजीका अक्षर लेख्न आदि ।

उल्लिखित विषयवस्तुका आधारमा विकास भएको बालबालिकाको सिकाइ तथा विकास्तर परीक्षण साधनको आधारमा परीक्षण क्रियाकलाप गरिएको थियो । परीक्षण क्रियाकलापका आधारमा प्राप्त तथ्यलाई कमजोर, मध्यम र राम्रो समूहमा (3 bands) विभाजन गरिएको थियो । यसका आधारमा विश्लेषण गर्दा निम्नबमोजिम पाइएको छ ।

कमजोर (Struggling) समूहका बालबालिकाले संवेग, खुशी, र दिग्दारी चिन्न/बुझ्न सक्छ; उनीहरूले आफ्नो नाम, घर भएको ठेगाना, वक्ररेखा खिच्न, टाढा र नजिक पहिचान, 'क', 'ख' जस्ताको नक्कल गर्न सक्छन् ।


मध्यम स्तर (Progressing) मा पर्ने बालबालिकाले माथिका कार्यको अतिरिक्त भकुण्डो फाल्न सक्छन्, दिशा पहिचान गर्छन्, नाच्न र गाउन, रङ्ग चिन्न, सञ्चारका साधन बताउन, पजल मिलाउन सक्छन् ।

राम्रो (On track) समूहमा पर्ने बालबालिकाले पाठ्यक्रमले निर्धारण गरेका सबै पक्षअन्तर्गतका न्यूनतम कार्यहरू गर्न सक्छन् । उनीहरूले चित्र बनाउने, नेपाली र अङ्ग्रेजी अक्षर लेख्ने, आफ्नो पहिलो नाम लेख्ने, समयको धारणा, कागज पट्याउन, च्यात्न, निर्देशनअनुसार कागज मोड्न जस्ता अन्य सिर्जनात्मक कामसमेत गर्न सक्षम भै कक्षा एकमा अध्ययनका लागि सक्षम र तयार भएको पाइयो ।

उपलब्धि प्रतिशतका आधारमा कमजोर र मध्यम बीचको सीमाङ्कन (cut score) ६३ प्रतिशत र मध्यम तथा राम्रो बीचको सीमाङ्कन (cut score) ८३ प्रतिशत रहेको थियो। प्रश्नावलीको कठिनाइस्तरले भाग गरी सो आधारमा बराबर अन्तराल (Interval) कायम गरी प्रस्तुत गरिएको छ ।

चित्र ३.१ मा देखाइएअनुसार परीक्षण भएका बालबालिकामध्ये ३९ प्रतिशत राम्रो समूहमा (उपयुक्त सिकाइ भएका), ५८ प्रतिशत मध्यम समूहमा (मध्य सिकाइ भएका) र ३ प्रतिशत कमजोर समूहमा परेका  छन् ।

**चित्र ३.१ : बालबालिकाको समूहगत उपलब्धिको अवस्था**




माथिको नतिजाबाट जम्मा ३९ प्रतिशत बालबालिका मात्र एक कक्षामा अध्ययनका लागि योग्य छन् भन्ने देखिन्छ । प्रस्तुत यस नतिजाले सबै बालबालिकाको उपलब्धिलाई ध्यानमा राखी प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबाट थप प्रयासको आवश्यकता औल्याएको छ ।

पछिल्लो खण्डमा विश्लेषण गरिएअनुसार केन्द्रको भौतिक अवस्थाले बालबालिकाको उपलब्धिमा खासै असर नपरेको देखाएको छ । अब यसपछि सहजकर्ता र बालबालिकाको उपलब्धिका बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

### ३.२ बालबालिकाको समग्र उपलब्धि

तालिका ३.२ मा बालबालिकाको समग्र औसत उपलब्धिका साथै स्तरीय भिन्नता (standard deviation ) एवम् अधिकतम र न्यूनतम उपलब्धिसम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ३.२: प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको समग्र औसत उपलब्धि**


| परीक्षणमा सहभागी बाल बालिकाको सङ्ख्या | न्यूनतम उपलब्धि | अधिकतम उपलब्धि | औसत | स्तरीय भिन्नता |
|---|---|---|---|---|
| ३६७५ | ५.८१ | १०० | ७६ | १६.१ |

तालिका ३.२ अनुसार समग्र रूपमा जम्मा ३६७५ जना बालबालिकाको औसत उपलब्धि ७६% र स्तरीय भिन्नता १६.१ छ । अधिकतम १०० प्रतिशत र न्यूनतम ५.८१ प्रतिशत उपलब्धि प्राप्त गरेका छन् । बालबालिकाले निर्धारित पाठ्यक्रमका आधारमा ७६% औसत उपलब्धि प्राप्त गरेको देखिन्छ । स्तरीय भिन्नता १६.१ ले बालबालिकाको उपलब्धिमा उल्लेख्य व्यक्तिगत भिन्नता छ भन्ने देखिन्छ । स्तरीय भिन्नताको सामान्य सिद्धान्त के छ भने, विचलन जति सानो हुन्छ शैक्षिक पद्धति उतिनै सबल मानिन्छ । बालबालिकाको उपलब्धि अधिकतम १००% र न्यूनतम ५.८% हुनुले पनि व्यक्तिगत भिन्नता ज्यादै धेरै भएको सङ्केत गर्छ ।

#### ३.२.१ लैङ्गिक पक्ष र उपलब्धि

चित्र ३.२.१ मा लैङ्गिक रूपमा छात्र र छात्राको औसत उपलब्धिको तुलनात्मक अवस्था प्रस्तुत छ ।


**चित्र ३.२.१ : बालबालिकाको लैङ्गिक पक्षबाट सिकाइ उपलब्धिको अवस्था**




#### ३.२.२ विषय क्षेत्रगत (Domainwise) उपलब्धि

चित्र ३.२.२ मा बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक र साँस्कृतिक सिकाइ तथा विकासका आधारमा औसत उपलब्धिको तुलनात्मक अवस्था प्रस्तुत गरिएको छ ।

**चित्र ३.२.२: बालबालिकाको विषयगत औसत उपलब्धिसम्बन्धी विवरण**





चित्रअनुसार बालबालिकाले भाषाको विषय क्षेत्रमा सबैभन्दा बढी (८४.१%) र साँस्कृतिक विकासको क्षेत्रमा सबैभन्दा कम (७६.०%) उपलब्धि प्राप्त गरेको पाइयो। प्रत्येक विषय क्षेत्रमा उपलब्धि फरक फरक पाइएको छ। यस प्रकारको भिन्नता तथ्याङ्कशास्त्रीय दृष्टिले (एनोभा परीक्षणको ५% सिग्निफिकेन्ट लेभलमा) महत्त्वपूर्ण देखिएको छ।

### ३.२.३ बालबालिकाको प्रदेशगत उपलब्धि

चित्र ३.२.३ मा प्रदेशगत रूपमा बालबालिकाको उपलब्धिको तुलनात्मक अवस्था देखाइएको छ। चित्रमा प्रदेशगत उपलब्धिलाई राष्ट्रिय औसत उपलब्धिसँग पनि तुलना गरी देखाइएको छ।

**चित्र ३.२.३ बालबालिकाको प्रदेशगत रूपमा औसत उपलब्धिसम्बन्धी विवरण**




चित्रअनुसार सबैभन्दा राम्रो उपलब्धि प्रदेश ३ र सबैभन्दा कम उपलब्धि कर्णाली प्रदेशको देखिएको छ। प्रस्तुत तथ्याङ्कअनुसार सुदूर पश्चिमाञ्चल प्रदेशको उपलब्धि राष्ट्रिय औसतसँग बराबर देखिएको छ र प्रदेश १ को उपलब्धि राष्ट्रिय औसतभन्दा केही माथि देखिएको छ।

### ३.२.४ बालबालिकाको जिल्लागत उपलब्धि

चित्र ३.२.४ मा यस अध्ययनमा छनौट भएका १५ जिल्लाका बालबालिकाको जिल्लागत औसत उपलब्धिको तुलनात्मक अवस्था प्रस्तुत गरिएको छ।

**चित्र ३.२.४ बालबालिकाको जिल्लागत औसत उपलब्धिसम्बन्धी विवरण**





उल्लिखित चित्र हेर्दा सबैभन्दा बढी काठमाडौं जिल्लाको (८८ प्रतिशत) र सबैभन्दा कम रसुवा जिल्लाको (६७ प्रतिशत) उपलव्धि देखिएको छ। यसको राष्ट्रिय औसत भने ७६ प्रतिशत देखिएको छ। ११ वटा जिल्लाहरू राष्ट्रिय औसतभन्दा कम औसत उपलब्धि हुने जिल्लामा पर्दछन्। चित्रअनुसार विद्यार्थी सङ्ख्या धेरै हुँदा औसत उपलब्धि पनि बढी भएको अवस्था देखिएको छ।

## ३.३ शिक्षणको माध्यम भाषाका आधारमा उपलब्धि

चित्र ३.३ मा शिक्षणको माध्यम भाषाको आधारमा बालबालिकाको उपलब्धिको अवस्था प्रस्तुत गरिएको छ। बज्जिका र अङ्ग्रेजी, नेपाली र हिन्दी, अवधि, नेपाली र भोजपुरी, नेपाली, डोटेली, अङ्ग्रेजी र नेपाली, अङ्ग्रेजी र अन्य गरी आठ भाषिक समूहमा समूहीकृत गरी विश्लेषण गरिएको छ।

**चित्र ३.३ शिक्षणको माध्यम भाषाको आधारमा बालबालिकाको औसत उपलब्धि विवरण**





चित्रअनुसार अङ्ग्रेजी भाषालाई शिक्षणको माध्यमका रूपमा अवलम्बन गरी शिक्षण सहजीकरण गरिएकोमा सबैभन्दा बढी उपलब्धि (८३.६९ प्रतिशत) नतिजा देखिएको छ। यस्तै बज्जिका, अङ्ग्रेजी, नेपाली र हिन्दी आदि भाषाको उपयोग गरेकोमा सबैभन्दा कम उपलब्धि (६२.८ प्रतिशत) नतिजा देखिएको छ।

## ३.४ सहजकर्ताको योग्यता, तालिम, अनुभव र उपलब्धि

### ३.४.१ सहजकर्ताको योग्यता र उपलब्धि

चित्र ३.४.१ मा प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको उपलब्धि र सहजकर्ताको योग्यता बीचको तुलनात्मक अवस्था प्रस्तुत गरिएको छ।

**चित्र ३.४.१: सहजकर्ताको योग्यता र बालबालिकाको औसत उपलब्धिको अवस्था**




चित्र ३.४.१ मा सहजकर्ताको योग्यता स्नातक वा सोभन्दा माथि हुँदा बालबालिकाको सिकाइ उपलब्धि सबैभन्दा बढी (८१.८१ प्रतिशत) र उनीहरूको योग्यता १० कक्षा वा सोभन्दा कम हुँदा उपलब्धि सबैभन्दा कम (७३.६४ प्रतिशत) देखिन्छ। यसले सहजकर्ताको योग्यता बढ्दै जाँदा बालबालिकाको उपलब्धि पनि बढ्ने रहेछ भन्ने तथ्य प्रष्ट पारेको छ। उल्लेख्य भिन्नता स्नातक तह उत्तीर्ण (८१.८प्रतिशत) र कक्षा १२ योग्यता (७६.२प्रतिशत) बीचमा देखिएको छ

यस किसिमको नतिजाले अन्तराष्ट्रिय अभ्याससँग पनि तादाम्यता राख्दछ। धेरैजसो मुलुकहरूमा विशेष गरी विकसित मुलुकमा यस प्रकारको सहजकर्ताको योग्यता न्यूनतम रूपमा स्नातक कायम गरिएको हुन्छ। यसले नीतिगत प्रयोजन देखाउँछ। हाम्रा बालविकास तथ शिक्षा सम्बन्धी नीतिगत दस्तावेजमा सो प्रावधानको अपेक्षा गर्नुपर्ने हुन्छ।

### ३.४.२ सहजकर्ताको तालिम र बालबालिकाको उपलब्धि

चित्र ३.४.२ मा तालिम पाएका र नपाएका सहजकर्ताले शिक्षण सहजीकरण गर्दा बालबालिकाको उपलब्धिको अवस्थामा भिन्नता देखिएको छ।

**चित्र ३.४.२: सहजकर्ताको तालिम र बालबालिकाको औसत उपलब्धिको अवस्था**





उल्लिखित चित्रअनुसार तालिम प्राप्त सहजकर्ताबाट सिक्ने अवसर प्राप्त गरेका बालबालिकाको उपलब्धि ७६.१ प्रतिशत छ र तालिम अप्राप्त सहजकर्ताबाट सहजीकरण गरेका बालबालिकाको उपलब्धि केही बढी (८०.२प्रतिशत) देखिन्छ। तालिम अप्राप्त भरखर भरखर नियुक्त भएका युवा र शैक्षिक योग्यता बढी हुन सक्छन्। यस विषयमा थप अध्ययन गरी निर्क्योलमा पुग्न सकिन्छ।

### ३.४.३ सहजकर्ताको अनुभव र बालबालिकाको उपलब्धि

चित्र ३.४.३ मा बालबालिकाको उपलब्धि र सहजकर्ताको अनुभवबीच रहेको तुलनात्मक अवस्था उजागर गरेको छ। जसअनुसार सहजकर्ताको अनुभव तीन वर्ष र सो भन्दा कम, चार देखि पाँच वर्ष, ६ देखि १० वर्ष र ११ वर्ष र सोभन्दा माथि निश्चित गरी विश्लेषण गरिएको छ।

**चित्र ३.४.३: सहजकर्ताको अनुभव र बालबालिकाको औसत उपलब्धिको अवस्था**





उक्त चित्रअनुसार सहजकर्ताको अनुभव ४ देखि ५ वर्ष हुँदा बालबालिकाको उपलब्धि सबैभन्दा बढी ७८.९ प्रतिशत रहेको पाइयो भने अनुभव बर्ष ११ वा बढी हुँदा ७५.९ प्रतिशत मात्र पाइयो । जसअनुसार धेरै अनुभव हुँदैमा बालबालिकाको उपलब्धिमा सकारात्मक प्रभाव पर्ने देखिएन ।

### ३.४.४ सहजकर्ताको सङ्ख्या र बालबालिकाको उपलब्धि

सामान्यतया आदर्श वा राम्रो अवस्थामा २५ जना बालबालिकाका लागि २ जना सहजकर्ता हुनुपर्छ भन्ने अपेक्षा गरिएको हुन्छ । यस सन्दर्भमा तलको चित्रले सहजकर्ताको सङ्ख्या र बालबालिकाको उपलब्धिको अवस्था प्रस्तुत गरेको छ ।

**चित्र ३.४.४: सहजकर्ताको सङ्ख्याका आधारमा बालबालिकाको औसत उपलब्धि**



माथिको चित्रअनुसार ३६७५ जना बालबालिकामध्ये ६०प्रतिशत बालबालिका एकजना सहजकर्ताले सहजीकरण गरेका छन् भने बाँकी ४०प्रतिशत बालबालिका दुईजना सहजकर्ताबाट सिकाइ सहजीकरण गरेको पाइएको छ । चित्रअनुसार दुईजना सहजकर्ताबाट सिकाइ सहजीकरण भएका बालबालिकाको सिकाइ उपलब्धि तुलनात्मक रूपमा राम्रो (७९प्रतिशत) छ । जहाँ एकजना सहजकर्ताले सिकाइ तथा सहजीकरण गर्दा ७४ प्रतिशत मात्र उपलब्धि छ ।

# परिच्छेद ४ : भौतिक पक्ष र बालबालिकाको उपलब्धि

## ४. भौतिक पक्ष

बालविकास केन्द्रको भौतिक अवस्था तथा पूर्वाधारलाई सिकाइ र विकासका लागि पूर्वशर्त मानिन्छ । यस अध्ययनमा भवन, कक्षाकोठा, कक्षाकोठामा सामग्री र पुस्तकालय तथा सिकाइ कुनालाई प्रमुख विषय बनाई जम्मा ४४ वटा बालविकास केन्द्रको प्राप्त तथ्याङ्कलाई व्याख्या गरिएको छ । भौतिक अवस्थाका विषयमा चर्चा गरिएका चार वटै विषय क्षेत्रको अवस्था र त्यसको उपलब्धिसँगको सम्बन्धमा विस्तृत जानकारी तल प्रस्तुत गरिएको छ । यससम्बन्धी कार्यक्षेत्रबाट प्राप्त तथ्याङ्कलाई सुरुमा उपलब्धिसम्बन्धी र भौतिक अवस्थासम्बन्धी छुट्टाछुट्टै रूपमा तथ्याङ्क प्रविष्टि गरिएको थियो । त्यसपछि यी दुईबीचको सम्बन्ध थाहा पाउन तथ्याङ्कलाई समूहीकृत गरी एउटै तालिकामा व्यवस्थापन गरिएको थियो । यी सबै विषयवस्तु तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

### ४.१ भवन

तालिका ४.१. मा बालविकास कक्षा चलेको विद्यालयका भवनको सङ्ख्या, प्रकार र गुणस्तरका बारेमा विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: बालविकास केन्द्र चलेका भवनको सङ्ख्या, प्रकार र गुणस्तर**

| भवनको गुणस्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १. घेराबारासहितको हाता, झ्याल ढोका भएका उज्यालो र सफा कोठा भई आफ्नो भवनमा सञ्चालित | २८ | ६३.६ |
| २. झ्याल ढोकासहित सफा कोठा भएको र सानो भवनमा सञ्चालित | १४ | ३१.८ |
| ३. झ्याल ढोकासहित सफा कोठा भएको र सार्वजनिक वा भाडाको भवनमा सञ्चालित | १ | २.३ |
| ४. माथिको अवस्थाभन्दा पनि कमजोर अवस्थाको भवन | १ | ३.३ |
| **जम्मा** | ४४ | १०० |

माथिको तालिकामा पाइएअनुसार नमुना छनोट गरिएका ६३.६ प्रतिशत केन्द्र पूर्ण भवन भएको, सफा कक्षाकोठा र घेरा पर्खाल भएको भवनमा सञ्चालन भएको पाइएको छ । निकै कमजोर अवस्थाका केन्द्र जम्मा २.३ प्रतिशत रहेका छन् ।

भवनको प्रकार र बालबालिकाको उपलब्धिबीचको सम्बन्ध पहिचान गर्न तथ्याङ्कशास्त्रीय साधन ANOVA Test को प्रयोग गरिएको थियो । त्यससम्बन्धी विवरण तालिका ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२: बालबालिकाको उपलब्धि र भवनको गुणस्तरबीचको सम्बन्ध**

| भवनको गुणस्तर | औसत उपलब्धि | विद्यार्थी सङ्ख्या | स्तरीय भिन्नता |
|---|---|---|---|
| १. घेराबारासहितको हाता, झ्याल ढोका भएका उज्यालो र सफा कोठा भई आफ्नो भवनमा सञ्चालित | ८०.३ | ४०३ | १४.६ |
| २. झ्याल ढोकासहित सफा कोठा भएको र सानो भवनमा सञ्चालित | ७४.४ | १६० | १३.० |
| ३. झ्याल ढोकासहित सफा कोठा भएको र सार्वजनिक वा भाडाको भवनमा सञ्चालित | ७७.४ | ५ | ७.८ |
| ४. माथिको अवस्थाभन्दा पनि कमजोर अवस्थाको भवन | ८०.४ | २२ | ५.३ |
| **जम्मा** | ७८.७ | ५९० | १४.२ |

माथिको तालिका ४.२ मा प्रस्तुत तथ्याङ्कले बालबालिकाको सिकाइ उपलब्धि कमजोर गुणस्तरको भवन हुँदा ८०.४% देखिएको छ भने राम्रो स्तरको भवन हुँदा ७४.४% देखिएको छ । त्यस्तैगरी ठिकै खालका भवन हुँदा यी दुईको बीचमा उपलब्धि रहेको पाइएको छ । अझ उल्लेखनीय पक्ष के छ भने राम्रो भवन हुने अवस्थामा स्तरीय भिन्नता १४.२ छ र कमजोर भवन भएकोमा ५.३ रहेको पाइएको छ। स्तरीय भिन्नता धेरै हुनुको मतलव बालबालिकामा सिकाइ भिन्नतामा धेरै अन्तर छ भन्ने हो । यस्तो प्रकारको अस्वभाविक नतिजा हुनुमा विविध कारण हुन सक्छन् जुन थप अध्ययनको विषयवस्तु हुन सक्ने देखिन्छ ।

### ४.२ कक्षाकोठाको आकार

तालिका ४.३ मा बालविकास केन्द्रमा कक्षाकोठाको कुन स्तरमा सरकारबाट निर्धारित स्तर र मापदण्डको व्यवस्थापन गरिएको छ भन्ने विषयको विश्लेषण गरिएको छ।

**तालिका ४.३: निर्धारित स्तर र मापदण्डका आधारमा कक्षा कोठाको व्यवस्थापन**

| कक्षा कोठाको आकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १. प्रति बालबालिका २ वर्ग मिटर क्षेत्रफल भई कम्तीमा ८ फिट उचाइको कोठा र छुट्टै आराम कक्ष/शयन कक्षको व्यवस्था भएको | २ | ४.५ |
| २. प्रति बालबालिका १.५ वर्ग मिटर क्षेत्रफल भई कम्तीमा ८ फिट उचाइ भएको, कोठामा आराम कक्ष/ शयन कक्षको व्यवस्था भएको | १४ | ३१.८ |
| ३. प्रति बालबालिका १.५ वर्ग मिटरभन्दा कम क्षेत्रफल र उचाइको २० जना बालबालिका बस्न पुग्ने कोठा | २७ | ६१.४ |
| ४. माथि नं. ३ मा उल्लेख भएको स्तरका पनि पूरा नभएको | १ | २.३ |
| **जम्मा** | ४४ | १०० |

माथि प्रस्तुत गरिएको तालिकाअनुसार अध्ययनमा छनोट भएका केन्द्रहरूमध्ये कक्षाकोठा व्यवस्थापन निकै राम्रो भएका केन्द्रहरू जम्मा ४.५% रहेको पाइएको छ । अधिकांश (६१.४%) को व्यवस्थापन मध्यमभन्दा पनि तल्लो स्तरको रहेको पाइएको छ । यसको अर्थ हुन्छ प्रति विद्यार्थी १.५ वर्ग मिटर क्षेत्रफल, ८ फिट उचाइ र २० जना बालबालिका बस्न पुग्ने मात्र सुविधा भएको देखिएको छ ।

तालिका ४.४: मा कोठाको निर्धारित मापदण्डका आधारमा बालबालिकाको सिकाइ उपलब्धिको अवस्था तथा स्तरीय भिन्नतासमेत प्रस्तुत गरिएको छ ।

**तालिका ४.४: कोठाको निर्धारित मापदण्डका आधारमा बालबालिकाको सिकाइ उपलब्धि**

| कक्षा कोठाको आकार | औसत उपलब्धि | विद्यार्थी सङ्ख्या | स्तरीय भिन्नता |
|---|---|---|---|
| १. प्रति बालबालिका २ वर्ग मिटर क्षेत्रफल भई कम्तीमा ८ फिट उचाइको कोठा र छुट्टै आराम कक्ष/शयन कक्षको व्यवस्था भएको | ७६.७ | ३३ | १०.६ |
| २. प्रति बालबालिका १.५ वर्ग मिटर क्षेत्रफल भई कम्तीमा ८ फिट उचाइ भएको, कोठामा आराम कक्ष/शयन कक्षको व्यवस्था भएको | ७९.१ | २०८ | १३.७ |
| ३. प्रति बालबालिका १.५ वर्ग मिटरभन्दा कम क्षेत्रफल र उचाइको २० जना बालबालिका बस्न पुग्ने कोठा | ७९.२ | ३३४ | १४.६ |
| ४. माथि नं ३ मा उल्लेख भएको स्तरका पनि पूरा नभएको | ६४.६ | १५ | ७.५ |
| **जम्मा** | ७८.७ | ५९० | १४.५ |

तालिकाअनुसार बालबालिकाको उपलब्धिसँग कक्षा कोठा व्यवस्थापनको गुणस्तर बीचमा खासै सम्बन्ध देखिएको छैन । बालविकास केन्द्रमा उनीहरू सुत्ने कोठा नभएको अवस्थामा तथ्याङ्कशास्त्रीय रूपमै महत्त्वपूर्ण भिन्नता देखिएको छ । यस विश्लेषणले धेरैजसो कक्षाकोठहरूको व्यवस्थापन साह्है कमजोर भएको (न्यूनतम निर्धारित स्तरसमेत पूरा नभएका) देखिएको छ । तथापि राम्रो स्तर कायम गरेका र नगरेका बालविकास केन्द्रका बालबालिकाको उपलब्धिमा भने खासै भिन्नता देखिंदैन । प्राप्त तथ्याङ्कले कक्षाकोठाको आकार र बालबालिकाको उपलब्धिबीचमा पनि खासै सम्बन्ध देखिँदैन । यसबाट के भन्न सकिन्छ भने कक्षाकोठा र भौतिक वातावरणभन्दा सिकाइमा प्रभाव पार्ने अन्य प्रबल तत्वहरू हुन सक्छन् ।

## ४.३ कक्षा कोठामा हुने सामग्री उपलब्धता र व्यवस्थापन

तालिका ४.५ मा बालविकास केन्द्रमा सिकाइ तथा खेल्ने सामग्रीको उपलब्धता र व्यवस्थापनको अवस्था प्रस्तुत गरिएको छ ।

**तालिका ४.५: बालविकास कक्षामा खेल्ने सामग्रीको उपलब्धता र व्यवस्थापन**

| कक्षा कोठमा सामग्रीको उपलब्धता र व्यवस्थापन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १. बालबालिकाको सहज पहुँचमा राखिएका खेल सामग्री, प्रत्येक बालबालिकाका सामान राख्ने अलग अलग स्थानको व्यवस्थासहित बालबालिकाका सिर्जना सामग्री प्रदर्शन गरिएको सजावटयुक्त कोठा। बालबालिका खेल्नका लागि बालुवा, माटो र पानीको व्यवस्थासमेत भएको | १९ | ४३.२ |
| २. भएका खेल सामग्री व्यवस्थित नराखिएका, बालबालिकाको सहज पहुँचमा पनि नभएको, बालबालिकाका सामान व्यवस्थित रूपमा राख्ने व्यवस्था नभएको, बालबालिकाका सिर्जना सामग्री थोरै मात्र प्रदर्शन गरिएको र बालबालिका खेल्नका लागि बालुवा, माटो र पानी कोठा भित्र व्यवस्था नभएको | १८ | ४०.९ |
| ३. खेल सामग्री नभएको वा नराखिएको, बालबालिकाका सामान राख्ने ठाँउ नभएको र बालबालिकाका सिर्जना सामग्री पनि प्रदर्शन नगरिएको | ५ | ११.४ |
| ४. माथिको नं ३ भन्दा पनि न्यून स्तरका सामग्रीको उपलब्धता र व्यवस्थापन | २ | ४.५ |
| **जम्मा** | ४४ | १०० |

यस अध्ययनमा छनोट भएका केन्द्रहरूमा खेल्ने समाग्री, खेल्ने ठाउँ, पानी, माटो, रचनात्मक कार्य गर्ने र देखाउने जस्ता पक्षलाई कक्षाकोठामा हुने सामग्रीको रूपमा लिइएको थियो तर धेरै कम सङ्ख्याका कक्षाकोठामा मात्र ती सामग्रीको उपलव्धता र व्यवस्थापन भएको पाइयो।

तल दिइएको तालिका ४.६ मा कक्षा कोठामा सिकाइ सामग्रीको उपलब्धताको अवस्था र बालबालिकाको औसत उपलब्धिबीचको सम्बन्ध र स्तरीय भिन्नता प्रस्तुत गरिएको छ।

**तालिका ४.६: बालविकास कक्षामा सिकाइ तथा खेल्ने सामग्रीको उपलब्धता**

| कक्षा कोठमा सामग्रीको उपलब्धता र व्यवस्थापन | औसत | विद्यार्थी सङ्ख्या | स्तरीय भिन्नता |
|---|---|---|---|
| १. बालबालिकाको सहज पहुँचमा राखिएका खेल सामग्री, प्रत्येक बालबालिकाका सामान राख्ने अलग अलग स्थानको व्यवस्था सहित बालबालिकाका सिर्जना सामग्री प्रदर्शन गरिएको सजावटयुक्त कोठा । बालबालिका खेल्नका लागि बालुवा, माटो र पानीको व्यवस्थासमेत भएको | ७५ | ६५ | १९.९९ |

| कक्षा कोठमा सामग्रीको उपलब्धता र व्यवस्थापन | औसत | विद्यार्थी सङ्ख्या | स्तरीय भिन्नता |
|---|---|---|---|
| २. भएका खेल सामग्री व्यवस्थित नराखिएका, बालबालिकाको सहज पहुँचमा पनि नभएको, बालबालिकाका सामान व्यवस्थित रूपमा राख्ने व्यवस्था नभएको, बालबालिकाका सिर्जना सामग्री थोरै मात्र प्रदर्शन गरिएको र बालबालिका खेल्नका लागि बालुवा, माटो र पानी कोठा भित्र व्यवस्था नभएको | ८० | २७६ | १३.३५ |
| ३. खेल सामग्री नभएको वा नराखिएको, बालबालिकाका सामान राख्ने ठाँउ नभएको र बालबालिकाका सिर्जना सामग्री पनि प्रदर्शन नगरिएको | ७८ | २१९ | १३.३५ |
| ४. माथिको नं ३ भन्दा पनि न्यून स्तरका सामग्रीको उपलब्धता र व्यवस्थापन | ७६ | ३० | ९.१६ |
| **जम्मा** | ७९ | ५९० | १४.१५ |

तालिकाअनुसार निकै राम्रो खेल सामग्री र खेल्ने ठाउँ व्यवस्थापन भएको केन्द्रका बालबालिकाको औसत उपलब्धि ७५ प्रतिशत हुँदा मध्यम खालको व्यवस्थापन हुँदा औसत उपलब्धि ८० प्रतिशत देखिएको छ। यस नतिजाको आधारमा पनि केन्द्रको व्यवस्थापकीय पक्षसँग बालबालिकाको उपलब्धिको सकारात्मक सम्बन्ध भएको देखिएन।

### ४.४ पुस्तकालय र सिकाइ कुना (Library and Book Corner)

तालिका ४.७ मा पुस्तकालय तथा सिकाइ सामग्रीको उपलब्धताको अवस्था र सिकाइ कुनाको अवस्थासँग बालबालिकाको सिकाइ उपलब्धिको सम्बन्ध प्रस्तुत गरिएको छ। तालिकामा उपलब्ध सामग्रीहरू सिकाइ कुना, पजल सामग्री, भित्ते पाटी आदि उपयुक्त रूपमा व्यवस्थापन गरिएको छ छैन जस्ता पक्ष प्रस्तुत गरिएको छ।

**तालिका ४.७: बालविकास केन्द्रमा पुस्तकालय र सिकाइ कुनाको अवस्था**

| पुस्तकालय र सिकाइ कुना व्यवस्थापन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १. बाल सन्दर्भ सामग्रीसहित कथा, गणित, अभिनय, निर्माणात्मक विज्ञान र Block गरी ६ सिकाइ कुना , रङग र आकार मिलाउने र छुट्याउने, पजल सामग्री, भित्तामा बालबालिकाको उचाइसम्म लेख्न मिल्ने भित्ते पाटी र कम्तीमा ३ × १.५ वर्ग फिटको लेखन पाटीसमेत भएको | ३ | ६.८ |
| २. माथिकामध्ये केही कुना, पजल सामग्री, भित्तामा बालबालिकाको उचाइसम्म लेख्न मिल्ने भित्ते पाटी र कम्तीमा ३ × १.५ वर्ग फिटको लेखन पाटीसमेत भएको | १४ | ३१.८ |
| ३. सिकाइ कुनाको व्यवस्था नभएको, पजल र एउटा लेखन पाटीको व्यवस्था भएको | २३ | ५२.३ |

| पुस्तकालय र सिकाइ कुना व्यवस्थापन | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४. माथि नं ३ मा उल्लेख भएभन्दा पनि न्यून स्तरको पुस्तकालय र सिकाइ कुना व्यवस्थापन | ४ | ९.१ |
| **जम्मा** | ४४ | १०० |

सामान्यतया बालविकास केन्द्रमा सन्दर्भ सामग्रीसहित कथा, गणित, अभिनय, निर्माणात्मक विज्ञान सामग्री, रङ्ग र आकार मिलाउने र छुट्याउने, पजल सामग्री, भित्तामा बालबालिकाको उचाइसम्म लेख्न मिल्ने भित्ते पाटी आदि हुनुपर्छ भन्ने मान्यता हुन्छ । तालिका ४.७ मा प्रस्तुत गरिएको तथ्याङ्कअनुसार ५२.३ प्रतिशत बालविकास केन्द्रहरूमा सिकाइ कुनाको व्यवस्था नभएको पाइयो । जसको अर्थ हुन्छ अधिकांश बालविकास केन्द्रहरूमा बाल सन्दर्भ सामग्रीसहित कथा, गणित, अभिनय, निर्माणात्मक विज्ञान र Block गरी ६ सिकाइ कुना, रङ्ग र आकार मिलाउने र छुट्याउने, पजल सामग्री जस्ता सिकाइ तथा खेल सामग्री रहेको देखिएन । केवल ६.८% बालविकास केन्द्रहरू मात्र आवश्यक मात्रामा पुस्तक र सिकाइ कुना तथा खेलसामग्री भएका छन् ।

तालिका ४.८ मा पुस्तकालय तथा सिकाइ कुनाको अवस्था र बालबालिकाको सिकाइ उपलब्धिबीचको सम्बन्ध देखिने विवरण र स्तरीय भिन्नता प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ पुस्तकालय तथा सिकाइ कुनाको अवस्था र बालबालिकाको सिकाइ उपलब्धि**

| पुस्तकालय र सिकाइ कुना व्यवस्थापन | औसत उपलब्धि | विद्यार्थी सङ्ख्या | स्तरीय भिन्नता |
|---|---|---|---|
| १. बाल सन्दर्भ सामग्री सहित कथा, गणित, अभिनय, निर्माणात्मक विज्ञान र Block गरी ६ सिकाइ कुना, रङ्ग र आकार मिलाउने र छुट्याउने, पजल सामग्री, भित्तामा बालबालिकाको उचाइसम्म लेख्न मिल्ने भित्ते पाटी र कम्तीमा ३ × १.५ वर्ग फिटको लेखन पाटीसमेत भएको | ६१.१ | ३५ | १९. १ |
| २. माथिका मध्ये केही कुना, पजल सामग्री, भित्तामा बालबालिकाको उचाइसम्म लेख्न मिल्ने भित्ते पाटी र कम्तीमा ३ × १.५ वर्ग फिटको लेखन पाटी समेतभएको | ८१. १ | २०० | ९.५ |
| ३. सिकाइ कुनाको व्यवस्था नभएको, पजल र एउटा लेखन पाटीको व्यवस्था भएको | ७९.५ | ३१० | १५.२ |
| ४. माथि नं ३ मा उल्लेख भएभन्दा पनि न्यून स्तरको पुस्तकालय र सिकाइ कुना व्यवस्थापन | ७५.९ | ४५ | ८.७ |
| **जम्मा** | ७८.७ | ५९० | १४.५ |

तालिका ४.८ मा प्रस्तुत तथ्याङ्कअनुसार पुस्तकालय तथा सिकाइ कुनाको व्यवस्थापन तथा गुणस्तरको अवस्था र बालबालिकाको सिकाइ उपलब्धिसँग तथ्याङ्कशास्त्रीय दृष्टिले महत्त्वपूर्ण भिन्नता देखिएन। राम्रो अवस्था (बाल सन्दर्भ सामग्रीसहित कथा, गणित, अभिनय, निर्माणात्मक विज्ञान र Block गरी ६ सिकाइ कुना, रङ्ग र आकार मिलाउने र छुट्याउने, पजल सामग्री, भित्तामा बालबालिकाको उचाइसम्म लेख्न मिल्ने भित्ते पाटी र कम्तीमा ३ × १.५ वर्ग फिटको लेखन पाटीसमेत भएको) भन्दा अलि कमजोर (माथिका मध्ये केही कुना, पजल सामग्री, भित्तामा बालबालिकाको उचाइसम्म लेख्न मिल्ने भित्ते पाटी र कम्तीमा ३ × १.५ वर्ग फिटको लेखन पाटीसमेत भएको) भएको सिकाइ उपलब्धि क्रमशः ८१.१% र ६१.१% देखिएको छ।

# परिच्छेद ५ : अध्ययनको नतिजा र प्रयोजन

## ५. नतिजाहरू

यसभन्दा पहिलेका दुईवटा खण्डमा क्रमश: बालबालिकाको उपलब्धि र बालविकास केन्द्रको उपलब्धिको लैङ्गिक, क्षेत्रगत, सहजकर्ताको योग्यता, तालिम र अनुभव जस्ता पक्षको सम्बन्धका बरेमा चर्चा गरिको थियो। प्राप्त नतिजा र यसले विविध पक्षका बारेमा समेत चर्चा गरिएको छ। यस खण्डमा ती अध्ययनका नतिजाहरूलाई छोटकरीमा प्रस्तुत गरी तिनको प्रयोजनका बारेमा चर्चा गरिएको छ।

## ५.१ अध्ययनका मुख्य मुख्य नतिजा

यस अध्ययनले बालबालिकाको उपलब्धि र त्यसमा प्रभाव पार्ने विभिन्न तत्वसँगको सम्बन्ध पहिचान गर्ने प्रयास गरेको थियो। सुरुमा बालबालिकालाई कम उपलब्धि भएका, ठिकै (अध्ययन) उपलब्धि भएका र राम्रो उपलब्धि भएका गरी तीन भागमा विभाजन गरिएको थियो। त्यसपछि औसत उपलब्धिलाई आधार मानी लैङ्गिक, विषय क्षेत्रगत, जिल्लागत सहजीकरणमा प्रयोग भएको भाषा, सहजकर्ताको योग्यता, तालिम, अनुभव र सङ्ख्यालाई विश्लेषण गरिएको छ। सो विश्लेषणबाट देखिएका मुख्य नतिजा तथा जानकारीहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- आधाभन्दा बढी (५८%) बालबालिका मध्यम खालको उपलब्धि भएको समूहमा परेका छन्। केही विद्यार्थी (३९%) राम्रो उपलब्धि हुनेमा परेका छन् भने थोरै विद्यार्थी मात्र (३%) न्यून उपलब्धि हुने समूहमा परेको पाइएको छ।
- समग्रमा बालबालिकाको औसत उपलब्धि ७६% पाइयो। बालबालिकाले १००% देखि ५% सम्म उपलब्धि प्राप्त गरेका थिए। जसले विद्यार्थीबीचको उपलब्धिमा उल्लेख्य भिन्नता भएको देखाउँछ।
- छात्र र छात्राको उपलब्धिमा सामान्य भिन्नता देखिएको थियो जसअनुसार छात्रको उपलब्धि ७६.२% र छात्राको उपलब्धि ७५.९% (०.३% भिन्नता) पाइएको छ।
- विषयक्षेत्रगत (शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, भाषिक र साँस्कृतिक) पक्षको विश्लेषणबाट बालबालिकाले भाषिक विकासमा सबैभन्दा बढी (८४.१%) र साँस्कृतिक विकासमा सबैभन्दा कम (६७%) उपलब्धि प्राप्त गरेको पाइयो। बौद्धिक, शारीरिक, संवेगात्मक र सामाजिक विकासमा क्रमश: ६९%, ७६%, ७९.८% र ८२.७% उपलब्धि प्राप्त गरेका थिए।
- प्रदेशगत रूपमा बालबालिकाको औसत उपलब्धिको अवस्था तुलना गर्दा सबैभन्दा उच्च उपलब्धि (८२%) प्रदेश ३ र सबैभन्दा कम उपलब्धि कर्णाली प्रदेशमा पाइयो। अध्ययनबाट सुदूर पश्चिमाञ्चल प्रदेश र गण्डकी प्रदेशको उपलब्धि राष्ट्रिय औसत उपलब्धि (७६%) सँग बराबर रहेको पाइयो। प्रदेश १ को उपलब्धि राष्ट्रिय औसतभन्दा केही माथि (७७%) रहेको देखियो। प्रदेश २ र प्रदेश ५ को उपलब्धि भने राष्ट्रिय औसतभन्दा कम रहेको देखियो। यस प्रकारको प्रदेशगत भिन्नता तथ्याङ्कशास्त्रीय दृष्टिले महत्त्वपूर्ण (प्रयोजन योग्य) रहेको पाइएको छ।

- जिल्लागत विश्लेषणले सबैभन्दा उच्च काठमाडौँको (८८%) र सबैभन्दा कम रसुवाको (६७%) उपलब्धि देखियो । नमुना छनौट भएका १५ वटा जिल्लामध्ये ११ जिल्लाको औसत नतिजा राष्ट्रिय औसतभन्दा कम रहेको देखियो । यो भिन्नता तथ्याङ्कशास्त्रीय दृष्टिले महत्त्वपूर्ण (प्रयोजन युक्त) देखिएको थियो ।
- अङ्ग्रेजी भाषाको प्रयोग गरेर सहजीकरण भएका बालबालिकाको उपलब्धि अरू भाषा प्रयोग गरी सहजीकरण भएको भन्दा उच्च (८७.६%) रहेको पाइएको थियो । यस्तै बज्जिका र अङ्ग्रेजी भाषा प्रयोग गरिएको अवस्थामा सबैभन्दा कम (६२.८%) उपलब्धि पाइएको थियो । अवधि, नेपाली, डोटेली, अङ्ग्रेजी र नेपाली दुबै भाषा प्रयोग भएकोमा क्रमश: ६.५, ७०.३, ७५.७, ७६.७ र ८३.३ औसत उपलब्धि पाइएको थियो ।
- सहजकर्ता/ शिक्षकको योग्यता र बालबालिकाको औसत उपलब्धिको तुलनात्मक अध्ययन गर्दा बि.एड वा सोभन्दा माथिको योग्यता भएका सहजकर्ताले सहजीकरण गरेका बालबालिकाको औसत उपलब्धि निकै उच्च (८१.८%) देखियो । कक्षा १० उत्तीर्ण वा सोभन्दा कम योग्यता भएका सहजकर्ताले सहजीकरण गर्दा कम (७३.६) उपलब्धि पाइयो। सहजकर्ताको योग्यता बढ्दै जाँदा बालबालिकाको औसत उपलब्धि पनि बढ्दै गएको अध्ययनले देखाएको छ । कक्षा १२ को योग्यता भएका र स्नातक योग्यता भएकाले सहजीकरण गरेकोमा उल्लेखनीय भिन्नता (निकै ठूलो) अन्तर देखिएको छ ।
- सहजकर्ता/ शिक्षकको तालिम र बालबालिकाको औसत उपलब्धिमा अस्वाभाविक सम्बन्ध देखियो । तालिम लिएका सहजकर्ताले सहजीकरण गर्दा (७६.१%) र नलिएकाले सहजीकरण गर्दा (८०.२%) उपलब्धि देखिएको छ । यस नतिजालाई भने निरपेक्ष रूपमा नलिई सहजकर्ताको योग्यता, अनुभव र उत्प्रेरणाजस्ता पक्षहरूले प्रभाव पारेको हुन सक्ने भएकाले सापेक्ष रूपमा लिनुपर्ने हुन सक्छ । साथै यसले थप अध्ययनको क्षेत्र उजागर गरेको छ ।
- सहजकर्ता/ शिक्षकको अनुभव र बालबालिकाको उपलब्धिको अवस्थाको तुलनात्मक विश्लेषण पनि गरिएको थियो । यसमा तीन वर्ष वा सोभन्दा कम, चार देखि पाँच वर्ष, छ देखि दश वर्ष र ११ बर्षा वा बढी गरी चार वर्गमा विभाजन गरिएको थियो । जसअनुसार ४/५ बर्षसम्मको अनुभवको सकारात्मक प्रभाव परेको र सो भन्दाबढी अनुभवबाट सिकाइमा सकारात्मक प्रभाव परेको देखिएन ।
- एउटा बालविकास केन्द्रमा एकजना र दुईजना सहजकर्ताले सहजीकरण गर्दाको अवस्था विश्लेषण गर्दा एकजनाले सहजीकरण गरेकोभन्दा (७४%) दुइजना सहजकर्ताले सहजीकरण गर्दा (७९%) निकै राम्रो उपलब्धि प्राप्त भएको पाइयो ।
- बालविकास केन्द्रको भौतिक अवस्था हेर्दा धेरैजसो (६३.६%) केन्द्रहरू राम्रो र व्यवस्थित भवन र पूर्वाधार भएको वातावरणमा सञ्चचालन भएका रहेछन् । थोरै मात्र कमजोर गुणस्तरको भवन र पूर्वाधार भएको अवस्थामा सञ्चालन भएको पाइएको छ ।
- कक्षाकोठाको अवस्थाको विश्लेषण गर्दा धेरै थोरै कक्षाकोठा मात्र तोकिएको स्तर/मापदण्डको क्षेत्रफल भएको पाइयो भने धेरै जसो (६१.४%) कक्षाकोठा मध्यम खालको क्षेत्रफल र वातावरणको अवस्थामा रहेको पाइयो । यसो भन्नाले प्रति विद्यार्थी १.५ वर्ग मिटर क्षेत्रफल अर्थात ८ फिट अग्लो र २० जना बालबालिका व्यवस्थापन गर्ने सुविधा भएको पाइयो ।

- धेरै जसो (५२.३%) बालविकास केद्रमा सिकाइ कुनाको व्यवस्थापन कमजोर रहेको देखियो । जम्मा ६.८ प्रतिशत केन्द्रहरूमा पुस्तकालय र सिकाइ कुनाको राम्रो व्यवस्थापन भएको पाइएको छ ।

**५.२ प्रयोजन**

बालबालिकाको उपलब्धिमा तथ्याङ्कशास्त्रीय दृष्टिले विषयगत, प्रदेशगत, जिल्लागत र सहजकर्ताले उपयोग गर्ने भाषाका आधारमा महत्त्वपूर्ण भिन्नता देखियो । जसले गर्दा शैक्षिक व्यवस्थापन र सेवा प्रवाहमा कमी छ भन्ने कुरा सङ्केत गर्दछ । त्यस्तै सहजकर्ताको योग्यताको निकै सकारात्मक र तालिमको नकारात्मक सम्बन्ध बालबालिकाको सिकाइ उपलब्धिमा देखिएबाट नीतिगत र व्यवस्थापकीय पक्षमा थप अध्ययन र छलफल गरी नीतिगत सुधार गर्नुपर्ने अवस्था देखिएको छ । अध्ययनको यी प्रमुख नतिजाका आधारमा केही प्रयोजन (Implications) का बारेमा तल चर्चा गरिएको छ ।

समूहगत नतिजाबाट ३९% बालबालिकाले जे सिक्नुपर्ने थियो त्यो सिकेका रहेछन् भन्ने देखियो । बाँकी ६१% प्रतिशतले जे सिक्ने अपेक्षा गरिएको थियो, त्यो पूर्ण रूपमा सिक्न नसकेको अवस्था अध्ययनको नतिजाले देखाएको छ । यसबाट बालविकास केन्द्रहरूले बालबालिकाको उपलब्धि बढाउन सम्बन्धित दस्तावेजहरूले तोकेबमोजिम थप प्रयास गर्नु जरुरी छ भन्ने कुराको सङ्केत गर्छ ।

बालविकास केन्द्रको भौतिक अवस्थाको बालबालिकाको उपलब्धिसँग सम्बन्ध खासै देखिएको छैन । त्यसैले बालबालिकाको सिकाइ र विकासका लागि कुन तत्व जिम्मेवार छ भनी यकिन गर्न सकिएको छैन । एउटा बलियो पक्ष सहजकर्ताको योग्यता हुन सक्छ । यस्ता विषयमा नीतिगत तहमा व्यापक छलफल गरी सुधारका लागि प्रयास गर्नुपर्ने देखिन्छ जसले गर्दा बालबालिकाको उपलब्धि उच्च पार्न सकियोस् ।

बालबालिकाको समग्र औसत उपलब्धि ७६% पाइयो र बालबालिकाले न्यूनतम ५.८ देखि १००% को विस्तारसम्म उपलब्धि हासिल गरेका थिए । गत वर्ष भएको अध्ययनमा बालबालिकाको औसत उपलब्धि ८०.३% थियो, जुन यस वर्षकोभन्दा उच्च थियो । तर गत वर्ष प्रयोग गरिएका केही प्रश्नावली साधन यो वर्षको भन्दा भिन्न थिए । नमुनामा छनोट भएका विद्यालय र विद्यार्थी पनि गत बर्षको भन्दा फरक थिए । त्यसैले यी दुई बर्षको नतिजा प्रत्यक्ष रूपमा तुलना गर्न योग्य मानिँदैन ।

बाल मनोविज्ञानअनुसार ३ देखि ४ वर्षको उमेरमा बालबालिकामा सर्वपक्षीय (शारीरिक, सामजिक, बौद्धिक, भौतिक, सास्कृतिक र संवेगात्मक) विकास तिव्र गतिमा हुने गर्दछ । ती सर्वपक्षीय विषय/सिकाइ क्षेत्र (Domain) लाई आधार मानी विश्लेषण गर्दा भाषिक क्षेत्रमा सबैभन्दा उच्च (८४.१%) र साँस्कृतिक क्षेत्रमा सबैभन्दा कम (६७.०%) उपलब्धि देखिएबाट पाठ्यक्रमले अपेक्षा गरेका साँस्कृतिक गतिविधिमा कक्षाकोठा क्रियाकलाप कम भई बालबालिकाले साँस्कृतिक घुलमेलको अवसर कम पाउँछन भन्ने अर्थ लाग्छ ।

प्रदेश र जिल्लागत विश्लेषणले प्रदेश र जिल्लाका बालबालिकाको औसत उपलब्धिबीच तथ्याङ्कशास्त्रीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिएको छ । सरकारले एकै प्रकारको र समान लगानी गर्छ । सबैको लागि एउटै स्तर र मानक निर्धारण गरिएको छ । सबै केन्द्रहरू एउटै निर्देशित नीति, ऐन, नियमबाट निर्देशित छन् । सहजकर्ताको न्यूनतम योग्यता निश्चित गरिएको छ, यस्तो अवस्था हुँदा पनि जिल्ला र प्रदेशको उपलब्धिमा भिन्नता पाइयो । यसले सबै

भौगोलिक क्षेत्रमा प्रारम्भिक बालविकासको महत्व र शिक्षामा प्राथमिकताका लागि व्यापक बहस गरी सघन कार्यान्वयन योजना तथा कार्यक्रम निर्माण गरी लागू गर्नुपर्छ भन्ने कुराको सन्देश दिन्छ । राज्य सङ्घीय रूपमा व्यवस्थापन भएको सन्दर्भमा यो विषय तीनै तहका सरकारका लागि महत्वपूर्ण र संवेदनशील विषय भएकाले व्यापक बहस गरी समझदारी निर्माण गर्नुपर्छ ।

बालविकास केन्द्रमा प्रयोग हुने भाषा पनि विश्लेषणको विषय थियो । नमुना छनोट भएका कक्षामा बज्जिकासँग अङ्ग्रेजी, नेपाली र हिन्दी, अवधि, नेपाली र भोजपुरी, नेपाली, डोटेली, अङ्ग्रेजी र नेपाली तथा अङ्ग्रेजी र अन्य भाषा प्रयोग गर्ने थिए । अङ्ग्रेजी प्रयोग गरिएकोमा सबैभन्दा बढी (८३.६%) र बज्जिका सित अङ्ग्रेजी, नेपाली र हिन्दी प्रयोग हुँदा सबैभन्दा कम (६२.८%) उपलब्धि पाइएको थियो ।

सामान्यतया बालबालिकाले घर परिवारको वातावरणमा, विशेष गरी आमाले बोल्ने भाषा बालविकास केन्द्रमा पनि प्रयोग भए छिटो र दवाव बिना नै सिक्न सक्छन् भन्ने मान्यता छ । अङ्ग्रेजी प्रयोग गरेर नै बालबालिकाको औसत उपलब्धि बढी भएको मात्र होइन होला, त्यसका अन्य धेरै कारणहरू हुन सक्छन् । अङ्ग्रेजी भाषाको प्रयोग गरेर सहजीकरण गरिएको कक्षामा अन्य व्यवस्थापकीय चुस्तता राम्रो भएकोले पनि राम्रो उपलब्धि भएको हुन सक्छ ।

सहजकर्ताको योग्यता बढी हुँदा बालबालिकाको औसत उपलब्धि पनि बढी नै देखियो । यसको नीतिगत महत्त्व र प्रयोजन छ । अन्तर्राष्ट्रिय नीतिगत व्यवस्था केलाउँदा, धेरै देशमा विशेष गरी विकसित मुलुकमा त्यस्ता सहजकर्ताको योग्यता स्नातक तोकिएको छ । यसले नीतिगत तहका लागि बालविकास केन्द्रका सहजकर्ताको योग्यता बढाउन नैतिक दवाव सिर्जना गरेको छ ।

आश्चर्यजनक रूपमा तालिम अप्राप्त सहजकर्ताबाट सहजीकरण भएकोमा बालबालिकाको उपलब्धि तालिम प्राप्त सहजकर्ताले सिकाएको भन्दा राम्रो देखियो । यसका धेरै कारणहरूको अनुमान गर्न सकिन्छ । यसले नीतिगत प्रयोजन के देखाउँछ भने यसै विषयलाई लिएर थप बहस र अनुसन्धानको अवश्यकता पर्ने देखिएको छ ।

एउटा बालविकास केन्द्रमा एकजना सहजकर्ताभन्दा दुईजना सहजकर्ता हुँदा बालबालिकाले राम्रो उपलब्धि प्राप्त गरेको अध्ययनले देखायो । यस नतिजामा बालबालिकाको सिकाइको अवधारणा, सिद्धान्त र दर्शनअनुसार साना बालबालिकाको सिकाइका लागि पढाउनेभन्दा पर्याप्त खेल्ने र सिक्ने सामग्रीको उपलब्धता र प्रयोगका लागि सहजकर्ताको पर्याप्त सहयोग हुनुपर्छ भन्ने मान्यतासँग सामिप्यता राख्दछ । त्यसैले बालविकास केन्द्रमा एकभन्दा बढी सहजकर्ता हुनुपर्छ भन्ने नीतिगत प्रयोजन हुने देखिन्छ ।

बालविकास केन्द्र सञ्चालन भएका विद्यालयको भौतिक अवस्थाको विश्लेषण गर्दा अधिकांश केन्द्रहरू राम्रो भवनमा चलेको देखिन्छ । तथापि भवनको अवस्थाले बालबालिकाको उपलब्धिमा खासै सकारात्मक प्रभाव पारेको देखिएन । त्यसैगरी कक्षाको आकार, खेल्ने र सिक्ने सामग्रीको उपलब्धता, पुस्तकालय र सिकाइ कुनाको पनि प्रभाव देखिएन । यस प्रसङ्गमा यस्ता भौतिक पक्षले बालबालिकाको उपलब्धिसँग केही सम्बन्ध छैन भन्नचाहिँ सकिंदैन । किनकि सिकाइमा धेरै पक्ष र तत्वहरूको असर हुन्छ । त्यसैले यहाँ चर्चा भएका तत्वभन्दा बाहेकका तत्त्वका बारेमा सोच्नुपर्छ । यसका कारणहरूमा शिक्षक सहजकर्ताको योग्यता, उमेर आदि पनि हुन सक्छन् ।

# सन्दर्भ सामग्री


शिक्षा विभाग, २०६१ प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका, सानोठिमी भक्तपुर

शिक्षा विभाग, २०६२ प्रारम्भिक बालविकास दिग्दर्शन(पाठ्यक्रम), सानोठिमी भक्तपुर

शिक्षा विभाग, २०६५ बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, सानोठिमी भक्तपुर

शिक्षा विभाग, २०६७ प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, सानोठिमी भक्तपुर

शिक्षा विभाग, २०६९ ४८ देखि ६० महिनाका बालबालिकाको सिकाइ तथा विकास मापदण्ड, सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र, २०७४ प्रारम्भिक बालशिक्षा पाठ्यक्रम, सानोठिमी भक्तपुर

Education Review Office, 2074 Assessing Early Learning and Development Standards/ Assessment Framework for the Assessment of ECD in Nepal Sanothimi, Bhaktapur: Author.

Heckman, J. J.(2007). Invest in the very young. In: R.E. Tremblay & P.M. Bolvin (Eds), *Importance of Early Childhood Development. Encyclopedia on Early Childhood Development* (Online):5.

Lonigan, C. J., Burgess, S. R., & Anthony, J. L. (2000). Development of emergent literacy and early reading skills in preschool children: evidence from a latent-variable longitudinal study. *Developmental psychology, 36(5), 596*.

Lonigan, C. J., Schatschneider, C., & Westberg, L. (2008). Identification of children's skills and abilities linked to later outcomes in reading, writing, and spelling. Developing early *literacy: Report of the national early literacy panel, 55-106.*

Pisani,L., Borisova, I. & Jo Dowd, A.(2015). *International Development and Early Learning Assessment.* Technical Working Paper.NA: Save the Children.

Raikes,A., Rebello Britto, P. & Dua, T.(2014). *A Measurement Framework for Early Childhood: Birth to 8 Years of Age.* A Discussion Paper. Washinton D.C.: Institute of Medicine.

Rebello Britto,P. & Hancioglu, A.(2016). *Measuring Early Childhood Development in the SDG.* Webinar Presentations.New York: UNICEF.

UNICEF. (2014). *Early Childhood Development: The Key to a Full and Productive Life.* Available at: http:// www.unicef.org/dprk.ecd.pdf on: Accessed on : October 13,2017.

CERID.2012. *A Study on the Impact of Early Childhood Education and Development (ECED) Services in School Readiness in Nepal*. Kathmandu: CERID.

Department of Education (DOE).2017. *Flash I REPORT 2074 (2017-018)*. Sanothimi, Bhaktapur: DOE.

European Commission (EC).2014. *Proposal for key principles of a Quality Framework for Early Childhood Education and Care Report of the Working Group on Early Childhood Education and Care under the auspices of the European Commission*.Brussels: European Union.

UNESCO, (2007). *EFA Global Monitoring Report. Strong foundations : Early Childhood Care and Education*. Paris: UNESCO.

UNICEF, (2014). *Early Childhood Development: The Key to Full and Productive Life*. Available at: http:// www.unicef.org/dprk.ecd.pdf. Accessed on : October 13,2017.

Young Lives. (2010). *Early Childhood Care and Education as a Strategy for Poverty Reduction: Evidence from Young Lives*. Young Lives Policy Brief 9.